क्रिप्टो संस्थापक ब्याङ्म्यान-फ्राइडलाई २५ वर्ष जेल सजाय | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक ३०१ | • २०८० साल चैत्र १७ गते शनिवार (30 March, Saturday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## 'विरामीको मन जित्ने गरी स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने'

**टुडे समाचारदाता**

जनकपुरधाम । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले नवनिर्मित बर्थिङ्ग सेन्टरको उद्घाटन गर्दै चिकित्सकहरुलाई गुणस्तरीय सेवाका लागि स्वास्थ्य सेवामा प्रतिबद्ध रहन निर्देशन दिएका छन् ।




जनकपुरधाममा शुक्रबार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको प्रादेशिक अस्पतालमा उपप्रधान तथा स्वास्थ्य मन्त्री यादवले विरामीको उपचारकोक्रममाचिकित्सकहरुप्रति नै निर्धक्कतापूर्वक उपचार गराउन आएको हुनाले विरामीको मन जित्ने गरी गुणस्तरीय सेवा दिनका लागि निर्देशन दिए ।

उनले भौतिक संरचनाको निर्माण र प्राविधिक व्यवस्थापनले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव नरहेको भन्दै उनले चिकित्सकलाई गम्भीर हुन आग्रह गरे ।

उनले दक्ष चिकित्सकको जनशक्तिको प्रतिबद्धताले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव रहेको उल्लेख गर्दै चिकित्सकहरुलाई प्रतिबद्धताका साथ सेवामा जुट्न निर्देशन दिए ।

मधेश प्रदेश छिट्टै स्वास्थ्यको क्षेत्रमा फड्को मार्ने विश्वास व्यक्त गर्दै उपप्रधानमन्त्री यादवले जनकपुरधाम, राजविराज र वीरगञ्जमा स्वास्थ्य क्षेत्रतर्फको ठूलो प्रोजेक्टमा काम भइरहेको बताए ।

उपप्रधान तथा स्वास्थ्यमन्त्री यादवले भने, 'सरकारले भौतिक पूर्वाधार र दक्ष जनशक्ति व्यवस्थापन गर्छ, गुणस्तरीय सेवाको लागि प्रतिबद्धता देखाउने जिम्मेवारी मिथिलावासीको हो । मिथिलावासीलाई प्रमाणित गरेर देखाउनु पर्दछ ।'

स्वास्थ्य लगायतको क्षेत्रमा अमेरिकी सहयोगका लागि अमेरिकाको सरकार र अमेरिकी जनतालाई धन्यवाद दिँदै उपप्रधानमन्त्री यादवले एमसिसी मार्फत विकास निर्माणको कार्य भइरहेको बताए । यु एस इण्डो पैसिफिक कमाण्ड र यु एस एम्बेसीको सहयोगमा करिब ६ करोडको लागतमा निर्मित ७५ शैय्याको बर्थिङ्ग सेन्टरको शिलान्यास समेत २०१८ नोभेम्बर १९ मा उपप्रधानमन्त्री यादवले गरेका थिए ।

प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहको अध्यक्षतामा भएको सो समारोहमा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंह, उर्जा, खानेपानी तथा सिचाई मन्त्री सिंघासन सा कलवार, राज्यमन्त्री केशव राय चौधरी, संघीय स्वास्थ्य सचिव रोशन पोखरेल, अमेरिकी राजदुत डिन आर थमसन, प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोद यादव, प्रादेशिक अस्पतालका निर्देशक रामनरेश पण्डितलगायतकाहरुको सहभागिता रहेको थियो ।

### श्रीमान्-श्रीमतीको राजनीतिक खिँचातानी

## सुदुरपश्चिममा राजनीतिक संकट, नाउपा विभाजन उन्मुख

**टुडे समाचारदाता**

काठमाण्डु । थरुहट आन्दोलनको क्रममा लामो समय जेल परेपछि रेशम चौधरीले गठन गरेको नागरिक उन्मुक्ति पार्टी (नाउपा) विभाजन उन्मुख भएको छ ।

नाउपाका संस्थापक नेता चौधरी प्रतिनिधिसभाको सदस्य हुँदा पनि संसदमा भाग लिन नपाएपछि श्रीमती रञ्जिता श्रेष्ठलाई उत्तराधिकारी बनाएर राजनीतिक कमान सुम्पेका थिए ।

सत्ता गठबन्धनलाई समर्थन गर्ने पक्षमा रहेकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र समर्थन नगर्ने पक्षमा रहेका रेशम चौधरीबीच विवाद बढेसँगै नाउपाको भविष्यमाथि ग्रहण लाग्न थालेको छ ।

संघीय सरकारमा नाउपाको प्रतिनिधित्व नरहे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले सरकारमा आउन आग्रह गरिसकेका छन् । तर संस्थापक रेशम चौधरीले सरकारमा जान नहुने अडानमा रहेर सुदुरपश्चिम प्रदेशमा कांग्रेस सरकारलाई समर्थन गरेका छन् । नाउपाका ७ जना सभासद मध्ये ५ जना प्रदेश सरकारमा सहभागी छन् । सभासदहरुले रेशम चौधरीलाई संस्थापक नेता मानेर सहकार्य गरिरहेका छन् ।

तर शुक्रवार अध्यक्ष रञ्जिता श्रेष्ठले सुदूरपश्चिम प्रदेश सरकार छाड्न संसदीय दलका नेतालाई निर्देशन दिएकी छन् । उनले प्रदेश सरकारबाट राजीनामा गर्न दलका नेता मार्फत सभासदहरुलाई निर्देशन दिएकी छन् ।



श्रेष्ठले प्रदेश संसदीय दलका नेता घनश्याम चौधरीलाई लिखित निर्देशन दिएकी छन् । १४ चैतमा टीकापुरमा बसेको पार्टी बैठकले समर्थन फिर्ता लिने निर्णय गरेको उनले आफ्नो पत्रमा प्रष्ट गरेकी छन् । 'सोही बमोजिम सरकारबाट बाहिर आउन निर्देशन गर्दछु' उनले पत्रमा भनेकी छन् , अन्यथा पार्टीको विधान आकर्षित गरिनेछ ।'

सुदुरपश्चिम सरकारको नेतृत्व फेर्न सत्ता गठबन्धनले गृहकार्य गरिरहेको छ । सुदुरपश्चिम प्रदेशमा सरकारको नेतृत्वमा नाउपाकी अध्यक्ष श्रेष्ठले दावी गरेकी छन् । सुदुरपश्चिममा सरकारको साँचो नाउपासित छ । वर्तमान मुख्यमन्त्री कमलबहादुर शाहले नाउपाकै सभासदलाई लिएर सरकार टिकाउने प्रयासमा जुटेका छन् ।

पार्टी अध्यक्ष श्रेष्ठले दिएको निर्देशनलाई कार्यान्वयन नगर्ने प्रतिकृया प्रदेशसभा संसदीय दलका नेता चौधरीले दिएका छन् । चौधरीलाई कांग्रेस नेतृत्वको प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिन अध्यक्ष श्रेष्ठले दिएकी निर्देशनलाई बेवास्ता गर्दै दलका नेता चौधरीले प्रदेश सरकारलाई दिएको समर्थन कायमै रहने बताएका छन् ।

सुदुरपश्चिम प्रदेश सभामा ५३ जना सदस्य छन् । जसमध्ये एमालेका एकजना सभामुख छन् । सत्तागठबन्धनमा माओवादी केन्द्रका ११ जना, एमालेका सभासद सहित १० जना र नेकपा एकिकृत समाजवादीका ४ जना सभासद रहेका छन् ।

प्रदेशका मुख्यमन्त्री शाहलाई कांग्रेसका १९ जना र नाउपाका ५ जनाको समर्थन रहेको छ । सरकारमा नाउपाका ५ जना सहभागी नै छन् । तर कांग्रेसलाई बहुमत पुगेको छैन । कांग्रेसलाई नाउपाका सबै सातै जनाले समर्थन गरे पनि एक जना स्वतन्त्र अथवा एकजना राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थन अनिवार्य रुपमा चाहिन्छ । सुदुरपश्चिम प्रदेशमा सत्तागठबन्धनलाई सरकार बनाउन नाउपाको समर्थन अनिवार्य रुपमा चाहिन्छ । वर्तमान मुख्यमन्त्रीले पनि नाउपाकै समर्थनमा कुर्सी जोगाउन सक्नेछन् ।

तर नाउपाकी अध्यक्ष श्रेष्ठले जारी गरेकी निर्देशनलाई कार्यान्वयन नगरिए पनि सभासदहरुको सदस्यता रित्त हुने अवस्था नरहेको कानुन व्यवसायीहरुको तर्क छ । राष्ट्रिय दलको मान्यता नपाएको नाउपाका प्रदेशमा रहेका सभासदहरु पनि स्वतन्त्र रुपमा निर्णय लिन सक्ने छन् । उनीहरुलाई पार्टीको ह्विप नलाग्ने बताइन्छ ।

पार्टीका संस्थापक रेशम र उनकी पत्नी श्रेष्ठबीचको अन्तरकलहले सुदुरपश्चिम प्रदेशमा मध्यावधि चुनाव हुने उच्च जोखिम देखिएको छ । नाउपामा सुलह भए सुदुरपश्चिम सरकारको नेतृत्व गर्ने अवसर पनि मिल्ने संभावना छ ।

उच्चस्रोतहरुका अनुसार सुदुरपश्चिम प्रदेश नाउपालाई दिन प्रधानमन्त्री प्रचण्ड सकारात्मक देखिएका छन् । तर एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले 'ग्रिन सिंग्नल' दिइसकेका छैनन् । मधेश प्रदेशमा नेतृत्व पाउने संभावना कमजोर देखेका एसका अध्यक्ष नेपालले बागमती प्रदेशलाई प्राथमिकतामा राखे पनि सुदुरपश्चिमा चित्त बुझाउने अवस्थामा छन् ।







# प्रजातान्त्रिक सेनानी उपाध्यायको २७ औँ पुण्यतिथि सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको लोकतान्त्रिक आन्दोलनका प्रजातान्त्रिक सेनानी मथुरा प्रसाद उपाध्यायको २७ औँ पुण्यतिथि विभिन्न कार्यक्रम गरी मनाइएको छ।

सेनानी उपाध्यायको २७ औँ पुण्यतिथिको अवसरमा शुक्रबार नेपाली कांग्रेस जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ समितिले स्थानीय जानकी वृद्धाश्रममा फलफुल सहितको राहत सामग्री वितरण गरेको छ।

वडाका सभापति संजय प्रसाद साहको नेतृत्व तथा पूर्वमन्त्री तथा प्रदेश सांसद राम सरोज यादवसहितको विशेष उपस्थितिमा राहत सामग्री वितरण गरिएको छ।

राहत वितरण कार्यक्रममा पूर्वमन्त्री यादवले वृद्धाश्रमको वृहत हित, संरक्षण र विकासको साथै सेनानी उपाध्यायका योद्धाहरुको स्मरणमा विभिन्न कार्यक्रम गर्न एक समिति नै बनाउनु पर्नेमा जोड दिए।




सेनानी उपाध्यायको पुण्यतिथिको अवसरमा जनकपुरधाम-११स्थितमनकामना सिद्ध हनुमान मन्दिरको प्राङ्गणमा श्रद्धाञ्जली कार्यक्रमको समेत आयोजना गरिएको थियो।

सो कार्यक्रममा वक्ताहरुले सेनानी उपाध्यायले २०२८ साल देखि २०३९ सालसम्म जनकपुरधामको नगर सभापतिको रुपमा संगठन विस्तारदेखि पार्टीको लागि महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै चर्चा गरिएको थियो। सो कार्यक्रममा नेपाली काँग्रेसका जनकपुरधाम उपमहानगरका नगर सभापति तथा मेयर मनोज कुमार साहले जनप्रतिनिधि र कांग्रेसका वडा समिति बीच कुनै पनि समन्वय हुन नसक्दा संगठन सुस्त भएको आरोप लगाए।

सो कार्यक्रममा काँग्रेस धनुषाका उपसभापति गणेश झा, पूर्वनगर सभापति धिरेन्द्र मोहन झा, बस व्यवसायी संघका अध्यक्ष तथा नेता मनोज चौधरीलगायतका सहभागिता रहेको थियो।

# रौतहटमा ५ सय मोबाइल बरामद

बरामद गरिएका मोवाइल सेटमा सम्बन्धित व्यक्तिहरुको नाम लेखिएको तथा एसईई परीक्षाको सम्पूर्ण जाँच पूरा भएपछि उनीहरुलाई फिर्ता गरिने जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता समेत रहेका डिएसपी एलिजा गिरिले बताइएकी छन् ।

**टुडे समाचारदाता**

गौर । रौतहट जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एसईई)मा मोबाइलबाट चिट चोरिएको फेला परेको छ। दोस्रो दिन शुक्रबार भएको नेपाली विषयको परीक्षामा रौतहट जिल्लाको विभिन्न ३१ वटा परीक्षा केन्द्रबाट परीक्षा अनुगमन समितिले ५ सय थान मोबाइल सेट बरामद गरेको छ।

एसईई परीक्षालाई मर्यादित, अनुशासित एवं शान्तिपूर्ण रुपमा सम्पन्न गराउन जिल्ला परीक्षा अनुगमन समितिका पदाधिकारीहरुले जुद्ध माध्यमिक विद्यालय गौर, चन्द्रपुर सहित जिल्लाको ३१ वटा परीक्षा केन्द्रबाट ५ सय थान मोवाइल सेट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्रमुख रामविनय सिंह सहितका अनुगमनमा खटिएका अधिकारीहरुले उक्त मोवाइल सेट बरामद गरेको प्रहरीले जनाएको छ।



बरामद गरिएका मोवाइल सेटमा सम्बन्धित व्यक्तिहरुको नाम लेखिएको तथा एसईई परीक्षाको सम्पूर्ण जाँच पूरा भएपछि उनीहरुलाई फिर्ता गरिने जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता समेत रहेका डिएसपी एलिजा गिरिले बताइएकी छन्।

परीक्षा दिनमा प्रयोग भएका मोबाइलहरु एसईई सकेपछि सम्बन्धित परीक्षा केन्द्रलाई उपलब्ध गराएर फिर्ता गरिने उनले स्पष्ट गरिन्। परीक्षामा डिजिटल प्रविधिको प्रयोगमा पूर्ण रुपमा रोक लगाइएको छ। तर परीक्षार्थीहरुले मोबाइललाई चिट चोर्न प्रयोग गर्दै आएका छन्।

त्यस्तै एसईई परीक्षामा सर्लाही जिल्लामा गार्ड रहेका दुई जनालाई चिट चोरी गराएको अभियोगमा पक्राउ गरिएको छ। उनीहरुलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा राखिएको छ।

विहिवारदेखि सुरु भएको एसईई परीक्षा उतिर्ण गर्ने मध्ये ३५ प्रतिशत अंक ल्याउनेले मात्र कक्षा ११ मा नामांकन पाउने छन्।

# 'मन्त्री फेरिँदैमा सरकारको नीति परिवर्तन हुँदैन'

**टुडे समाचारदाता**

काठमाण्डु। अर्थमन्त्री वर्षमान पुनले मन्त्री फेरिँदैमा सरकारको नीतिमा तात्विक परिवर्तन नहुने बताएका छन् । विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलङ्का देशीय निर्देशक फारिस हदाद जर्भोससँग शुक्रबार मन्त्रालयमा भएको भेटमा उनले निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतको कार्यकालमा तय भएका सकारात्मक कार्यक्रममा कुनै परिवर्तन नहुने जानकारी दिएका हुन्।




निवर्तमान अर्थमन्त्री डा महतले संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकताको स्वामित्व लिएर आफूले त्यो सन्देश दिइसकेको उनको भनाइ थियो। "मन्त्री फेरिँदैमा नीतिमा धेरै परिवर्तन गर्नु हुँदैन। राज्यको नीतिमा स्थायित्व चाहिन्छ", पुनले भने, "कतिपय कोणबाट मलाई सिद्धान्त र प्राथमिकतामा हेरफेर गर्न सुझाव पनि आएको हो। तर मैले त्यसो गर्नु उपयुक्त ठानिन।" सिद्धान्त र प्राथमिकताबारे सङ्घीय संसद्का दुवै सदनमा सांसदले हरेक प्रश्नको जवाफ दिएको र जस्ताको तस्तै पारित भएको मन्त्री पुनले बताए।

आगामी १६ र १७ वैशाखमा निर्धारण गरिएको तेस्रो लगानी सम्मेलन र असारमा काठमाडौँमा हुने विश्व बैंकअन्तर्गतको अन्तर राष्ट्रिय विकास सङ्घ (आइडिए) बैठक तोकिएकै समयमा हुने जानकारी पनि उनले दिए। मन्त्री पुनले पूर्वनिर्धारित कार्यतालिकाअनुसार नै ती कार्यक्रम हुने सन्देश विश्व बैंक मुख्यालयसम्म पुर्याइदिन आग्रह गरेको उनले सचिवालयले जनाएको छ।

फरक प्रसङ्गमा मन्त्री पुनले मिलेनियमन च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए नेपाल)मार्फत हाल सञ्चालित आयोजना पाँच वर्षभित्रै सक्ने प्रतिबद्धता जनाए । त्यस क्रममा मन्त्री पुनले नेपाल पुँजीगत खर्च बढाउन प्रयासरत रहेको बताए । बिहीबारसम्म चालु आर्थिक वर्षका लागि विनियोजित पुँजीगत बजेटको ३० प्रतिशत खर्च भएको उल्लेख गर्दै अर्थमन्त्री पुनले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुँजीगत खर्च बढाउन मन्त्रीहरू र प्रशासनिक नेतृत्वलाई निर्देशन दिएको जानकारी दिए।

"प्रधानमन्त्रीले स्पष्ट रूपमा हामी सबै मन्त्री र सम्बद्ध निकायलाई निर्देशन दिनुभएको छ", मन्त्री पुनले भने, "मैले पनि सबै मन्त्रालय र निकायलाई पुँजीगत खर्च बढाउनुस् भनेको छु। स्रोत नपुगेको भए अर्थ मन्त्रालयलाई भन्नुस्।"

> आगामी सन् २०२६ भित्र नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्ने विश्वास अर्थमन्त्री पुनले व्यक्त गरे । त्यसका लागि आवश्यक योजना, नीति तथा कार्यक्रम तय गर्नुका साथै कानुनी सुधार र लगानीका नयाँ ढोका खोल्न क्रियाशील रहेको उनको भनाइ थियो ।

आगामी सन् २०२६ भित्र नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्ने विश्वास अर्थमन्त्री पुनले व्यक्त गरे। त्यसका लागि आवश्यक योजना, नीति तथा कार्यक्रम तय गर्नुका साथै कानुनी सुधार र लगानीका नयाँ ढोका खोल्न क्रियाशील रहेको उनको भनाइ थियो । नेपालको आन्तरिक स्रोतले मात्र विकासमा फड्को मार्न नसकिने भएकाले सहुलियतपूर्ण कर्जामा जोड दिएको स्पष्ट पारे। अर्थमन्त्री पुनले गेमचेन्जर आयोजनाका रूपमा रहेको एक हजार दुई सय मेगावाटको बुढीगण्डकी जलासययुक्त जलविद्युत् आयोजना आन्तरिक स्रोतबाटै निर्माण गर्ने तयारी अघि बढेको बताए।

जवाफमा विश्व बैंकका देशीय निर्देशक जर्भोसले नेपालको विकास प्रयासमा विश्व बैंकले विगतदेखि नै सहायता गर्दै आएको उल्लेख गर्दै सहयोगले निरन्तरता पाउने प्रतिबद्धता जनाए।

माथिल्लो अरुण अर्धजलासययुक्त जलविद्युत् आयोजना र दूधकोशी जलासययुक्त आयोजनामा विश्व बैंक र एसियाली विकास बैंकले लगानीको प्रतिबद्धता जनाएको भन्दै उनले छिट्टै वित्तीय व्यवस्थापन टुङ्ग्याउनेगरी काम अघि बढाउनुपर्नेमा जोड दिए।

# मौसममा आइतबारदेखि सुधार हुने

**टुडे समाचारदाता**

काठमाण्डु। हल्का वर्षासहित मौसममा भइरहेको बदली आइतबार देखि सुधार हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

न्यून चापीय वायुको प्रभाव आइतबारदेखि कमजोर भई मौसममा सुधार हुने महाशाखाको पूर्वानुमान छ।

महाशाखाका मौसमविद् राजु प्रधानाङ्गले स्थानीय वायुको प्रभाव, नेपाल नजिकै रहेको न्यून चापीय वायुको प्रभाव, बङ्गालको खाडीबाट आएको वाफयुक्त वायु नेपालतिर आएका कारण विशेष गरी मुलुकको पूर्वी क्षेत्रमा प्रि-मनसुन सक्रिय भएको बताए।

"हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ। बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ", उनले भने, "शनिबारसम्म मौसम बदली भइरहन्छ भने आइतबारदेखि सुधार हुनेछ।"

महाशाखाका अनुसार आगामी २४ घण्टामा कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका केही स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना भएकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।



# सभामुख नेतृत्वको प्रतिनिधिमण्डल स्वदेश फिर्ता



**टुडे समाचारदाता**

काठमाण्डु । अन्तर-व्यवस्थापिका सङ्घ (आइपियू) को एक सय ४८ औँ महासभामा सहभागी भई प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे नेतृत्वको दस सदस्यीय प्रतिनिधिमण्डल शुक्रबार स्वीट्जरल्याण्डबाट स्वदेश फिर्ता भएको छ।

यही चैत १० देखि १४ गतेसम्म सङ्घको प्रधान कार्यालय जेनेभामा सञ्चालन भएको महासभामा सहभागी हुन सभामुख घिमिरे नेतृत्वको प्रतिनिधिमण्डल यही चैत ८ गते त्यसतर्फ प्रस्थान गरेको थियो।

महासभामा सभमुख घिमिरेले 'संसदीय कूटनीति : शान्ति र समझदारीको लागि सेतु निर्माण' विषयमा सङ्घीय संसद्का तर्फबाट सम्बोधन गरेका थिए।

महासभामा सभामुख घिमिरेसहित संसदीय दलका प्रमुख सचेतकहरु नेपाली कांग्रेसका रमेश लेखक, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महेशकुमार बर्तौला, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का हितराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टीका सन्तोष परियार सहभागी भएका थिए।

> महासभामा सभामुख घिमिरेसहित संसदीय दलका प्रमुख सचेतकहरु नेपाली कांग्रेसका रमेश लेखक, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महेशकुमार बर्तौला, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का हितराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टीका सन्तोष परियार सहभागी भएका थिए ।

यस्तै राष्ट्रियसभा सदस्य गङ्गाकुमारी बेलबासे, सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरी, उपसचिव प्रदीप गुरागाई र सभामुखका प्रमुख स्वकीय सचिव तेजप्रकाश भट्टराई सहभागी भएका थिए।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : शिक्षामा उन्नति। |
| वृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : धन वृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगन्जको भन्सार कार्यालय नजिकै ट्रकमा कोइला लोड गर्दै मजदूर । काठमाडौँका ईँटाभट्टामा लैजान लोड गरिएको उनीहरु बताउँछन् । तस्बिर :रासस

# महोत्तरी कारागारको अवस्था दयनीय

टुडे समाचारदाता

महोत्तरी । सरोकारबाला निकायले ध्यान नदिदा महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय बन्दै गएको छ । सङ्घीय संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिको कारागार अनुगमन उपसमितिका सदस्यले कारागार प्रशासनसहितको सहभागिता भएको अनुगमनमा महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय पाइएको बताएका छन् ।

समितिका सदस्यद्वय प्रतिनिधिसभा सदस्य नगिना यादव र गोमा लाभ सापकोटा, समितिको सचिवालयका अधिकृत प्रवीण राईसहितको टोलीले बिहीबार कारागारको अनुगमन गरेको थियो । प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र कारागार प्रशासनको सहभागितामा अनुगमन गरिएको सांसद यादवले बताए ।

सांसद यादवका अनुसार कारागारमा क्षमताभन्दा चौब्बर बढी कैदी/थुनुवा राखिएका रहेछन्, सुत्न, बस्न निकै सकस छ ,कोल्टे फेर्न पनि नपाइने गरी कैदी/थुनुवा बसेका रहेछन्, कारागारको अवस्था अत्यन्त दयनीय देखियो । कारागार प्रशासनका अनुसार एक सय ३५ कैदी/थुनुवा राख्ने क्षमताको कारागारमा अहिले पाँच सय ८४ जना रहेका छन् । उनले




केही साता पहिले कैदीथुनुवाको संख्या ६ सय माथि रहेको अभिलेखले देखाएको बताए । कारागारमा पठनपाठन, खेलकुद र मनोरञ्जनको कुनै सुविधा नरहेको तथा औषधोपचार पनि चाहिएका बेला पाउन नसकिएको कैदी/थुनुवाले पाउन सकिएको छैन ।

पुरानो भवनका ईँटा झर्ने, छत उप्केर टुक्रा झरिरहने क्रमले बसाइ जोखिमपूर्ण देखिएको अर्का सदस्य सापकोटाले बताए । विसं १९१३ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा निर्माण गरिएको भवनमा कारागार सञ्चालन छ । सांसद सापकोटाले भने,“जीर्ण भवन कतिबेर ढल्छ भन्ने त्रास जतिखेर पनि रहेछ, कतै पर्खालका ईँटा झर्छन्, कतै छतको प्लास्टर उप्किएर झर्दो रहेछ छ”, जतिखेर पनि कैदी/थुनुवा त्रासमा रहने गरेका पाइयो ।” सरकारले सबैभन्दा पहिले सुरक्षित कारागार भवनको व्यवस्था गर्नुपर्ने सांसद सापकोटाको भनाई छ ।

कारागारमा दिसापिसाब र नुवाइधुवाइका लागि पालो पर्खनु पर्छ।

सरसफाइको कमीले अधिकांश कैदी/थुनुवामा चर्मरोगको समस्या छ । धनुषा जिल्लामा कारागार नहुँदा त्यहाँको चापले यहाँ कैदी/थुनुवा बढेका कारागार प्रशासनले जनाएको छ । कूल कैदी/थुनुवामध्ये ६० प्रतिशतभन्दा बढी धनुषाकै रहेका कारागार कार्यालयका सूचना अधिकारी रविनचन्द्र ठाकुर बताउछन् । कारागारको जलेश्वरमा ६ बिघा ११ कठ्ठा जग्गा भए पनि सो ठाउँमा नयाँ कारागार भवन निर्माण हुन सकेको छैन ।

# नेकपा एसको बागमती प्रदेशका पाँच जिल्ला अधिवेशन सम्पन्न

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एसको बागमती प्रदेशका पाँच जिल्लाका अधिबेसन सम्पन्न भएको छ । बागमती प्रदेशको सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, दोलखा र भक्तपुरको जिल्ला अधिवेशन सम्पन्न भएको हो । प्रदेशका १३ जिल्लामध्ये बाँकी जिल्लामा आगामी वैशाख तेस्रो साताසम्म अधिवेशन सम्पन्न भइसक्ने जनाइएको छ ।

गत जेठ ६ गते सिन्धुली, जेठ २७ गते भक्तपुर, मङ्सिर ३० र ३१ गते दोलखा र यही चैत ३ र ४ गते काभ्रेको जिल्ला सम्मेलन सम्पन्न गरिएको हो । सिन्धुपाल्चोकमा पनि अधिवेशन सम्पन्न भइसकेको छ ।

सिन्धुपाल्चोकमा विनोद खनाल, भक्तपुरमा श्याम बस्नेत, सिन्धुली सूर्य पाखिन, दोलखामा भीम दाहाल, काभ्रेमा वसुन्धरा हुमागाईंको नेतृत्वमा गठित जिल्ला कमिटीले साङ्गठनिक विस्तार गर्दै आइरहेका छन् । काभ्रेमा अध्यक्ष र सचिव बाहेकका पदहरूमा प्रत्यक्ष विर्चान भएको थियो ।

त्यस्तै आगामी वैशाख १५ र १६ गते मकवानपुर जिल्ला सम्मेलनको मिति तोकिएको छ ।यसैबीच पार्टीको १०




औँ राष्ट्रिय महाधिवेशन केन्द्रित बैठकले पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि छलफल सम्पन्न गरेको छ ।

बैठकमा सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालद्वारा प्रस्तुत ‘समाजवादी कार्यक्रम’को प्रतिवेदनमा छलफल चलिरहेको छ । वैज्ञानिक समाजवादी व्यवस्थाको अवधारणा, त्यसको स्वरुप तथा संरचना, सामाजिक प्रभाव, आर्थिक रुपान्तरणका पक्ष, अन्तर र्ष्ट्रिय अभ्यासलगायत विषयमा छलफल गरिएको छ ।

बैठकमा सो प्रस्तावमाथि छलफल सकिएपछि पार्टी उपाध्यक्ष डा बेदुराम भुसालले पार्टी विधान र महासचिव घनश्याम भुसालले साङ्गठनिक दस्तावेज प्रस्तुत गर्नुहुने पोलिटब्यूरो सदस्य दिलु पन्तले जानकारी दिनुभयो । महाधिवेशनमा अध्यक्ष नेपालले राजनीतिक दस्तावेज, सम्मानित नेता खनालले समाजवादी कार्यक्रम, उपाध्यक्ष भुसालले पार्टी विधान र महासचिव भुसाललाई सङ्गठनात्मक प्रस्तावको मस्यौदा तयार गर्नेगरी जिम्मेवारी बाँडफाँट गरिएको थियो ।

पार्टीले आगामी जेठ ३ देखि ७ गतेसम्म राष्ट्रिय महाधिवेशन काठमाडौँमा गर्न तयारी तीव्ररूपमा थालेको छ ।

# परराष्ट्र नीति नेपालको प्राथमिकतामा रहेको डा सापकोटाको भनाई

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’का परराष्ट्र मामिला सल्लाहकार डा रुपक सापकोटाले परराष्ट्र नीति नेपालको प्राथमिकता भएको बताएका छन् ।

‘एसिया र विश्व : समान चुनौती, साझा दायित्व’ नारामा चीनको हाइनान प्रान्तमा आयोजित बोआओ फोरममा नेपालका तर्फबाट शुक्रबार सम्बोधन गर्दै उनले आर्थिक कूटनीतिका विविध प्राथमिकताबारे नेपालको धारणा राखेका हुन् ।

उनले भूराजनीतिक द्वन्द्व, विश्व राजनीतिमा बढ्दो राजनीतिक ध्रुवीकरण र कमजोर सहकार्यलगायतले गर्दा नेपालको बहुपक्षीय एवं आर्थिक विषयमा अन्तर्राष्ट्रिय सहकार्य सोचेअनुसार अगाडि बढाउन कठिन भइरहेको बताउदै अतिकम विकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुने नेपालको लक्ष्य, जलवायु परिवर्तनको प्रकोपलाई



समयसापेक्ष सम्बोधन र नेपालको समग्र आर्थिक विकास एवं समृद्धि हासिल गर्न राखिएका लक्ष्यमा सघाउन अनुरोध गरेका थिए ।

“विश्वले अहिले सामना गरिरहेको आर्थिक सङ्कट, ऊर्जा एवं खाद्य सङ्कट, जलवायु परिवर्तनको प्रभावजस्ता विश्वव्यापी मुद्दाहरूलाई सम्बोधन गर्न बोआओ फोरमजस्ता मञ्चहरू केन्द्रित हुनुपर्छ”, उनले भने, “पछिल्ला विश्वयापी सङ्कटका कारण नेपालजस्ता दक्षिण गोलार्द्धका विकासोन्मुख मुलुकहरू अझ बढी मारमा परेका छन् ।”

# बजेट मस्यौदा लेखन समिति गठन

टुडे समाचारदाता

काठमाण्डु । अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेट मस्यौदा लेखन समिति गठन गरेको छ । आगामी आवको बजेट वक्तव्य लेखनका लागि सहसचिव धनीराम शर्माको संयोजकत्वमा समिति गठन भएको हो । अर्थमन्त्री वर्षमान पुनले शुक्रबार आगामी आवका लागि बजेट लेखन समिति गठन गरेको उनको सचिवालयले जनाएको छ ।

समितिमा




अर्थमन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य, ईश्वरी अर्याल र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक पार्वती शर्मा सदस्य छन् ।

समिति संयोजक शर्माले शनिबार नै बैठक बसेर समितिले काम थाल्ने जानकारी दिए । विषयगत मन्त्रालयहरूसँग समन्वय गरेर तत्काल बजेट लेखनको काम थालिने उपनिर्देशक शर्माले जानकारी दिए ।

# देशको अर्थतन्त्र संकटमा नरहेको प्रधानमन्त्रीको भनाई

टुडे समाचारदाता

हेटौडा । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले देशको अर्थतन्त्र संकटमा नरहेको बताएका छन् । नेपाल निर्माण व्यवसायी महासङ्घको २५औँ साधारणसभालाई शुक्रबार हेटौँडामा सम्बोधन गर्दै प्रधानमन्त्री दहालले पछिल्लो समय अर्थतन्त्रको सूचकाङ्कमा सुधार देखिएको उल्लेख गरे । तर उनले देशको अर्थतन्त्र अझै पनि दबाबमुक्त भने नरहेको भन्दै यसका लागि घनिभूत छलफल आवश्यक रहेको पनि बताए ।

प्रधानमन्त्री दाहालले आगामी नीति कार्यक्रम र बजेटमा सबै क्षेत्रलाई समेट्ने गरी बजेट तयारीसमेत भइरहेको बताउदै सम्झौताअनुरूप गुणस्तरको काम नहुँदा राज्यमाथि अतिरिक्त दायित्व थपिँदै गएको उल्लेख गर्दै निर्माण व्यवसायीको बक्यौता रकम तत्काल निकास गर्न सरकार लागिपरेको बताए । उनले निर्माण व्यवसायीले सम्झौताबमोजिमको काम नगर्दा योजनाका काम समयमै सम्पन्न नभएको भन्दै राज्यको सीमा र कमजोरीका कारण व्यवसायीले भोग्नुपरेका अप्ठ्यारा तथा कठिनाइप्रति सरकार गम्भीर रहेको




बताए । निर्माण व्यवसायीले सम्झौताबमोजिम काम नगर्दा आयोजनाको काम समयमै सम्पन्न नभएको, सम्झौताअनुरूप गुणस्तरको काम नभएको, निर्माणको अवधि लम्बिँदा राज्यको अतिरिक्त दायित्व थपिनेजस्ता समस्या गम्भीररुपमा देखापरेको प्रधानमन्त्री दाहालको भनाइ थियो । राज्यका रणनीतिक महत्वका आयोजना ओझेलमा पर्ने, अनावश्यक योजना थपिँदै जाने, राज्यको दायित्व बढ्दै जाने र खास गुणात्मक प्रतिफल नदिने, बेथितिको दुष्चक्रबाट मुक्त हुने गरी काम गर्न आफूले अर्थमन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयलाई निर्देशित गरिसकेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अब देशमा विकासको कामले गति लिने बताए ।

“सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधनपछि राज्यको दायित्वमा आउने आयोजनामध्ये स्रोत सुनिश्चितता नभएका आयोजना सहमतिका आधारमा अन्त्य गर्ने कुरामा सरकार सकारात्मक छ”, प्रधानमन्त्री दाहालले भने, “राज्यको संरचनागत कमजोरी र समयमै भुक्तानी दिन नसकेका कारण व्यवसायी अप्ठ्यारोमा परेकाले कतिपय आयोजनाको काम समयमै सम्पन्न हुन नसकेका समस्याको सम्बोधनका लागि सरकारले आवश्यक निर्णय लिनेछ ।”

पूर्वाधार विकासका दृष्टिले हाम्रा कतिपय ऐन कानुन बाधक देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पर्यावरणको रक्षाप्रति सचेत रहँदै प्रचलित कानुनलाई विकासमैत्री बनाउँदै लगिने बताए । “वन ऐनलगायत महत्वपूर्ण ऐन संशोधन गर्ने प्रक्रिया प्रारम्भ भएको छ”, उनले भने-“यसले निर्माण उद्योगका लागि अत्यावश्यक नदीजन्य तथा खानीजन्य सामग्रीलाई सर्वसुलभरूपमा उपलब्ध गराउन राम्रो वातावरण बन्नेछ ।”

प्रधानमन्त्री दाहालले निर्माण व्यवसायीका क्षेत्रमा उलेख्य काम गरेबापत मकवानपुरका निर्माण व्यवसायी ध्रुव कार्की र रोशन श्रेष्ठलाई सम्मान गरेका थिए । कार्यक्रममा पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले निर्माण व्यवसायीको रु ६० अर्बभन्दा बढी भुक्तानी राज्यले दिनुपर्ने, देशविकासमा लागेका युवा निर्माण व्यवसायीलाई पलायन हुनबाट रोक्न खरिद नियमावलीमा संशोधन गर्नुपर्ने तथा टेन्डर हुनुअगावै मुआब्जा वितरणलगायत अन्य काम समयमै सम्पन्न गर्न माग गरे ।

यस्तै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले देशको आर्थिक तथा औद्योगिक अवस्था नाजुक भएका कारण विकास निर्माणमा असर परेको उल्लेख गर्दै निर्माण व्यवसायीका समस्या समाधान गर्नुपर्नेमा प्रधानमन्त्री दाहालसमक्ष आग्रह गरे ।

उनले निर्माण व्यवसायीहरुको भुक्तानी छिट्टै गर्न नेपाल सरकारसँग माग पनि गर्नुभयो । अध्यक्ष ढकालले भने “देश विकासका लागि पूर्वाधारको निर्माण र विकास सबैभन्दा महत्वपूर्ण पक्ष हो भन्ने कुरा सरकारले बुझ्नुपर्छ । सरकारले उनीहरुको भुक्तानीमा ढिलाइ गर्दा परियोजनाहरूमा ढिलाइ हुनसक्छ। व्यवसायीहरुले पनि बैंक किस्ता, श्रमिकको ज्याला तथा करको ठूलो रकम भुक्तानी गर्न सकेका छैनन्, उनीहरु समस्याग्रस्त छन् ।” उक्त कार्यक्रममा सात प्रदेशसहित ७७ जिल्लाका एक हजार आठ सय निर्माण व्यवसायीको सहभागिता रहेको थियो ।

# जथाभावी फोहर फाल्नेबाट २७ लाख उठाइए

टुडे समाचारदाता

वीरगंज । वीरगञ्ज महानगरपालिकाले जथाभावी फोहर फाल्नेबाट २७ लाख जरिवाना असुल गरेको छ । जथाभावी फोहर फाल्ने व्यक्ति तथा संस्था गरी तीन सय ८० जनामाथि महानगरले कारबाही गर्दा चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिना अवधिमा जथाभावी फोहोर फाल्नेबाट रु ११ लाख ६५ हजार नौ सय जरिवानाबापत राजस्व सङ्कलन गरेको छ ।

महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुद्दिन मियाँका अनुसार गत २०७९ पुस १७ गतेदेखि जरिवानाको नियम लागु भएकोमा हालसम्म नौ सय जना कारबाहीमा परिसकेका छन् । महानगरले रु २७ लाख दुई हजार छ सय पाँच जरिवानाबापत राजस्व सङ्कलन गरिसकेको छ । सरसफाई शाखा प्रमुख मियाका अनुसार घर, पसल र कार्यालयबाट निस्किने फोहर जथाभावी फाल्ने प्रवृत्ति छ,त्यो प्रवृत्ति निरुत्साहित गर्न




हामीले जरिवाना गर्न थालिएको छ । अभियानलाई प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने महानगरको योजना रहेको उनको भनाई छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सफाइ हुँदै आएको छ । वर्षायाम सुरु हुनुअघि महानगरपालिकाभित्रका सबै साना ठूला नाला सफा गरिसक्ने बताउदै उनले मेयरको मुख्य चाहना सफा, सुन्दर र वैभव वीरगञ्ज बनाउने अनुरुप बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सफाइ गरिरहेको तर सरसफाइ कर्मचारी हटाइएकाले समस्या भएको बताए ।

केही वर्षअघिसम्म वीरगञ्ज महानगर दुर्गन्धित नगरका रुपमा चिनिन्थ्यो । वीरगञ्जलाइ सफा महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि अहिले सफा र सुन्दर देखिन थालेको छ ।

# कर्मचारी व्यवस्थापन गर्ने प्रधानमन्त्रीको विश्वास

टुडे समाचारदाता

काठमाण्डु । प्रदेश र स्थानीय तहमा कर्मचारी अभावको समस्यालाई समाधान गरिने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बताएका छन्

राष्ट्रिय सरोकार तथा समन्वय समितिको प्रतिवेदनमाथि राष्ट्रियसभाका सदस्यले उठाएका प्रश्नहरूको जवाफ दिँदै प्रधानमन्त्री दाहालले प्रदेश तथा स्थानीय तहलाई आवश्यकपर्ने कर्मचारी सधैँ अभाव हुने, कर्मचारीको सरुवा प्रणाली व्यवस्थित नहुँदा काम कारबाहीमा बाधा परिरहेकोलगायत विषय समाधान गरिने बताए । “कार्यविस्तृतीकरणको प्रतिवेदन तयारभएपछितहगतअन्तरसम्बन्ध, अधिकार क्षेत्रको बाँडफाँट तथा अन्तर तह समन्वयका बारेमा यहाँ छलफलमा उठेका विषय, कार्यसम्पादनमा देखिएका समस्या तथा अस्पष्टता अन्त्य हुने र यो सङ्घीय प्रणाली कार्यान्वयनको कोशेढुङ्गा सावित हुनेछ”, प्रधानमन्त्री दाहालले भने ।प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा रहेको प्रदेश समन्वय परिषद् एवं विषयगत समितिका बैठकलगायतका अभ्यास भएको प्रधानमन्त्री दाहालले जानकारी दिए । उनले संविधानअनुरुप सङ्घीयता कार्यान्वयन गर्न आवश्यक कानुनी, नीतिगत तथा संरचनागत विषय पहिचान भएको बताए ।

धनुषा निर्माण व्यवसायी संघ
जनकपुरधाम

सूचना ! सूचना !! सूचना !!!

यस संघ को कार्यक्रम यस प्रकार छन् ।

१. मनोनयन दर्ता - २०८०/१२/१८ गते समय ११ बजे देखी ४ बजे सम्म । स्थान यस संघको कार्यलय मा ।
२. दावि विरोध फिर्ता घुर्ता - २०८०/१२/१९ गते ५ बजे सम्म
३. अन्तिम नामाबली प्रकासन २०८०/१२/२० गते समय ११:३० बजे ।
४. चुनाव २०८०/१२/२४ गते समय ८:३० बजे देखी ५ बजे सम्म स्थानः- उद्योग वाणिज्य संघ जनकपुरको भवण मा ।

कामेश्वर झा
निर्वाचन आयूक्त

# परिवर्तनको अनुभुति हुनेगरि काम गर्न गृहमन्त्रीको निर्देशन



**टुडे समाचारदाता**

भद्रपुर । गृहमन्त्री रवि लामिछानेले जनतालाई महशुस हुने गरी काम गर्न मातहतका सबै निकायलाई निर्देशन दिएका छन् ।

जिल्ला प्रशासन कार्यालय झापामा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूसँग जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी लिँदै कागजमा भन्दा पनि परिणाम देखिने गरी काम गर्न सम्बद्ध निकायलाई निर्देशन दिएका हुन् ।

लागुऔषध दुर्व्यसनलगायतका समाजमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभाव पार्नेजस्ता विषयमा सुरक्षा निकाय निर्मम भएर लाग्नुपर्ने बताउदै उनले जिल्लाका सुरक्षा निकायलाई सम्वोधन गर्दै गैरकानुनी प्रकृतिका कुनै पनि आदेशहरू अस्वीकार गर्नु तथा गल्ती गर्ने जुनसुकै दलको भए पनि नछोड्न निर्देशन दिए ।

गृहमन्त्री लामिछानेले आफू हिजोका दिनमा जवाफ माग्ने ठाउँमा रहेको तर आज जवाफ दिने ठाउँमा आइपुगेकाले देशमा जवाफदेहिताको प्रवर्द् धनमा सदैव ध्यान दिने पनि बताए । जिल्लाको सुरक्षा स्थिति र चुनौती एवं गरिएका प्रयासलगायतका विषमा गृहमन्त्री लामिछानेलाई झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले जानकारी गराएका थिए ।

# शिक्षामा गुणस्तरियता ल्याउनुपर्ने पूर्वराष्ट्रपति भण्डारीको भनाई



**टुडे समाचारदाता**

मोरङ । पूर्वराष्ट्रपति विद्यादेवीभण्डारीलेशिक्षामागुणस्तरियता बढाउनुपर्ने बताएकी छन् । उनले विद्यार्थीलाई विज्ञान र प्रविधिको क्षेत्रमा पहुँच पुऱ्याउने शिक्षा अध्यापन गराउनुपर्ने बताईन् । महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरको स्वतन्त्र विद्यार्थी युनियनद्वारा क्याम्पसमा शुक्रबार आयोजित पुरस्कार वितरण, सम्मान तथा स्वास्थ्य शिविरको उद्घाटन गर्नुँहुँदै उहाँले वर्तमान अवस्थामा स्वदेश तथा विदेशलाई आवश्यक पर्नेप्रतिस्पर्धी दक्ष जनशक्ति उत्पादनमा ध्यान पुऱ्याउन सुझाव दिईन्।

पूर्वराष्ट्रपति भण्डारीले अध्ययन र अनुसन्धानमार्फत लोक कल्याणको क्षेत्रमा नयाँ सिर्जना एवं आविष्कार गरी विश्वमा मुलुकको नाम राख्न विद्यार्थीलाई अनुरोध गर्दै उनले खाद्य सुरक्षा, जलवायु परिवर्तनको अनुकूलता र मुलुकको अर्थतन्त्र सबल बनाउने विषयमा विद्यार्थीले विशेष ध्यान दिनुपर्ने बताईन् । चिकित्सक, अर्थशास्त्री, उद्यमी, इन्जिनियरलगायत उत्पादन गर्ने भएकाले शिक्षालयको विकासका लागि सहमतिका आधारमा सङ्घीय सरकारले आवश्यक बजेट विनियोजन गर्नुपर्ने बताईन् ।

क्याम्पसका प्राचार्य रामावतार शरण, युनियनका सभापति जसवन्त पौडेललगायतले मुलुकलाई आवश्यक पर्ने जनशक्ति उत्पादनमा क्याम्पसले विशेष ध्यान दिएको उल्लेख गर्दै यसको समग्र विकासका लागि आवश्यक सहयोगको आग्रह गरे । पूर्वराष्ट्रपति भण्डारीले विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडीलाई पुरस्कार वितरण गर्नुका साथै क्याम्पसमा स्वास्थ्य शिविर सञ्चालन गर्न सहयोग गर्ने विभिन्न अस्पताललाई प्रमाणपत्र प्रदान गरेकी थिईन् ।

# ‘नेपाली कोट, पाइन्ट, जुत्ता, टोपी शिरदेखि पाउसम्म सबै निकायमा लागु हुने’

**टुडे समाचारदाता**




काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वर्तमान सरकारको स्वदेशी उत्पादन बढाउने ध्येय रहेको बताएका छन् ।

नेपाल उद्योग तथा व्यवसायी महासङ्घद्वारा ललितपुरको महालक्ष्मी नगरपालिकामा आयोजित ‘ विद्यमान व्यावसायिक समस्या तथा समाधान विषयक’ अन्तरक्रियामा राज्यका सबै निकायमा हप्तामा दुई दिन स्वदेशमा उत्पादित पोसाक लगाउने व्यवस्था गर्न सरकारले सोच बनाएको जानकारि दिए । उनले नेपाली पोसाकको प्रयोग पहिलो चरणमा सबै मन्त्रीहरुले गर्ने बताए। उनले वर्तमान सरकार स्वदेशी उत्पादन बढाउने ध्येयका साथ लागेको उल्लेख गर्दै हप्तामा दुई दिन नेपाली कोट, पाइन्ट, जुत्ता, टोपी शिरदेखि पाउसम्म राज्यका सबै निकायमा उपभोग गर्ने नीति हामी ल्याई रहेको र पहिला सबै मन्त्री त्यसपछि सांसद र स्थानीय तहका जनप्रतिनिधिले लगाउने बताए ।

उनले नेपाली बजारमा स्वदेशी उत्पादनको क्षमता अध्ययन गरी सोहीअनुसार बजार वृद्धि गरेर राज्यका हरेक निकायमा सो पोसाक लगाउन अनिवार्य गरिने बताए । “नेपाली उद्योगले दिन सक्छन् कि सक्दैनन् पहिला विस्तृत रुपमा उत्पादनको अवस्था अध्ययन गरेर त्यसपछि उत्पादनमा प्रोत्साहन गरिने छ”, उनले भने ।

नेपाली बजारमा निर्यातभन्दा आयात उच्च रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले सरकार निर्यात प्रवर्द्धनमा केन्द्रित हुने बताए । सरकारको मुख्य अहिलेको धेय जनतामा उत्पन्न भएको निरासालाई आशामा बदल्ने रहेको उनको भनाइ थियो। सरकारले अघि सारेको उत्पादन वृद्धिका लागि ‘स्टार्ट अप’ नीति कार्यक्रमलाई केही दिनभित्र सञ्चालनमा ल्याउने तयारी भइरहेको उहाँले जानकारी गराए।

‘प्रधानमन्त्री स्वदेशी उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम’ आगामी आर्थिक वर्षबाट प्रभावकारी बनाउने गरी अर्को मन्त्रिपरिषद् बैठकबाट कार्यविधि पारित गरेर नेपालका स्वदेशी वस्तु उत्पादनमा अभिप्रेरित गर्न अगाडि बढाइने उनले जानकारी गराए । नेपाली वस्तुले बजार नपाएको सन्दर्भ उल्लेख गर्दै उनले उद्योग मन्त्रालयबाट निर्यातमुखी व्यवसाय सञ्चालनका लागि आवश्यक तालिम तथा सीपको व्यवस्था गरिने बताए ।

# राष्ट्रिय गौरवका र ठूला आयोजना समयमै सम्पन्न हुन्छन् : प्रधानमन्त्री

**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रिय गौरवका तथा रूपान्तरणकारी आयोजना र पहिलो प्राथमिकता प्राप्त ठूला आयोजना समयमै सम्पन्न हुने अवस्था सिर्जना गरिने बताउनुएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको प्रतिवेदनमाथि सांसदहरुले उठाएका प्रश्नको जवाफ दिनुहुँदै प्रधानमन्त्री दाहालले ठूला आयोजनामा भएका कामकारबाहीको नियमित अनुगमन गरेर निर्धारित लागत र समयसीमा भित्रै आयोजना सम्पन्न हुने सुनिश्चित गरिने बताउनुभयो । ठूला आयोजना कार्यान्वयनको अनुगमनका लागि छुट्टै निर्देशिका जारी गर्ने तयारी भएको जानकारी दिँदै उहाँले अनुगमन गरी प्राप्त पृष्ठपोषणलाई तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको स्पष्ट पार्नुभयो ।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा संशोधन गरेर नीति कार्यक्रम र बजेट प्रस्तुत गर्ने समयावधि परिवर्तन गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नीति तथा कार्यक्रममा पर्याप्त छलफल गर्ने समय हुने र सोही आधारमा बजेट प्रस्ताव गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

विकास आयोजना निर्माण, बजेट विनियोजन तथा कार्यान्वयनका क्रममा तीन तहबीच उचित समन्वय हुन नसक्दासमेत कतिपय समस्याहरु सिर्जना भएको जिकिर गर्दै उहाँले सङ्घ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्ने उद्देश्यले आयोजना वर्गीकरणको आधार तथा मापदण्ड निर्देशिका, २०८० जारी गरिएको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले आगामी आर्थिक वर्षमा तीन तहबीच राजस्व बाँडफाँटका सूचक पुनरावलोकन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले कार्य प्रारम्भ गरेको जानकारी दिनुभयो । “वित्त आयोगले सरकारलाई पाँच वर्षका लागि राजस्व बाँडफाँटसम्बन्धी सिफारिस गरेबमोजिम काम भइरहेको छ”, उहाँले भन्नुभयो, “यसबीचमा तीन तहबीच



राजस्व बाँडफाँटका सम्बन्धमा उठेका विभिन्न सवाल र अनुभवसमेत समेटेर विद्यमान मापदण्डलाई थप वस्तुनिष्ठ, व्यावहारिक एवं वैज्ञानिक बनाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ बमोजिम आगामी आर्थिक वर्षमा बाँडफाँटका सूचक पुनरावलोकन गर्न आयोगले कार्य प्रारम्भ गरिसकेको छ।”

स्रोतको न्यायोचित वितरण सुनिश्चित गरिने

प्रधानमन्त्री दाहालले आगामी दिनमा तीन तहबीच स्रोतको न्यायोचित वितरण सुनिश्चित हुने उल्लेख गर्दै तहगत सरकारबीच प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोगका सन्दर्भमा देखिएका विवाद समाधान गर्न प्राकृतिक स्रोत परिचालनसम्बन्धी एकीकृत कानुनको मस्यौदा कार्य अगाडि बढाइएको बताउनुभयो ।

वित्तीय सङ्घीयतालाई थप सुदृढ गर्न सरकारले गम्भीरतापूर्वक कार्य अघि बढाएको बताउँदै प्रधानमन्त्री दाहालले यसै साता वित्तीय सङ्घीयताका क्षेत्रमा अवलम्बन गरिएका अभ्यासलाई संविधानको मर्मअनुरूप सुदृढ गर्न राष्ट्रिय समन्वय समिति एवं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा छलफल गरिएको जानकारी गराउनुभयो।

“प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणसम्बन्धी कार्य थप प्रभावकारी समन्यायिक र सन्तुलित बनाउँदै लगिनेछ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “हाल प्रदान गरिँदै आएका चार प्रकारका अनुदानमध्ये समानीकरण अनुदानलाई क्रमशः वृद्धि गर्ने, सःशर्त अनुदानलाई घटाउँदै जाने नीति सरकारले लिनेछ।

समपूरक र विशेष अनुदानलाई समेत थप प्रभावकारी बनाउँदै लगिनेछ।”

तीन तहबीच राजस्वको अधिकारका सम्बन्धमा सङ्घीयता कार्यान्वयनका लागि गठन भएका विभिन्न उच्चस्तरीय संरचनाको नियमित बैठकमा आएका सुझावसमेत ध्यानमा राखेर वित्तीय सङ्घीयतालाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहल भइरहेको प्रधानमन्त्री दाहालको भनाइ थियो । उहाँले भन्नुभयो, “हाल प्रचलित अन्तरसरकारी वित्त व्यवस्थापन ऐनलाई समसामयिक बनाउन संशोधनको प्रक्रियासमेत अघि बढेको छ । यसले तीन तहबीच राजस्व बाँडफाँटमा देखिएका विद्यमान समस्या समाधान गर्नेछ।”

> प्रधानमन्त्री दाहालले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सहमति दिएका तर संघीय संसद्मा पेस हुन बाँकी विधेयकको संख्या २१ रहेका जानकारी दिनुहुँदै सात विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिका क्रममा रहेका स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री दाहालले सङ्घीयताको मूल मर्म तीनवटै तहबीच अधिकार र स्रोतको समन्यायिक अभ्यास र वितरण भएको उल्लेख गर्दै तहगत अन्तरसम्बन्ध र समन्वयसँग जोडिएका समस्या सम्बोधन नगरी सङ्घीयताको सही अभ्यास गर्न नसकिने बताउनुभयो ।

सङ्घीयता कार्यान्वयनलाई सरकारले गम्भीरतापूर्वक लिँदै अन्तरप्रदेश समन्वय तथा कार्यविस्तृतीकरणका विषय टुङ्ग्याउने र राष्ट्रियसभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका निर्देशन कार्यान्वयनमा रहेको प्रधानमन्त्री दाहालले जानकारी गराउनुभयो ।

सङ्घीय प्रणालीलाई व्यवस्थित तथा सुदृढ गर्न आवश्यक ऐन तर्जुमा गर्ने विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दैप्रधानमन्त्री दाहालले संविधान जारी भएपछि सङ्घीयता र मौलिक हकलाई कार्यान्वयन गर्न १९२ नयाँ ऐन जारी भई सोअन्तर्गत नियमावलीसमेत तयार भई कार्यान्वयनमा रहेको जानकारी दिनुभयो।

**एक्काइस विधेयक पेस गर्ने तयारी**

प्रधानमन्त्री दाहालले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सहमति दिएका तर सङ्घीय संसद्मा पेस हुन बाँकी विधेयकको संख्या २१ रहेका जानकारी दिनुहुँदै सात विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिका क्रममा रहेका स्पष्ट गर्नुभयो।

प्रहरी समायोजन ऐनको कार्यान्वयनका लागि आवश्यक रहेको सङ्घीय प्रहरीसम्बन्धी विधेयक, सार्वजनिक खरिद ऐन, जग्गा प्राप्तिसम्बन्धी ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐन, भूमिसँग सम्बन्धित ऐनमा संशोधनसम्बन्धी विधेयक तर्जुमाको अन्तिम चरणमा रहेको प्रधानमन्त्री दाहालले बताउनुभयो ।रासस

# प्रेस स्वतन्त्रताको रक्षार्थ एकजुट हुनुपर्नेमा जोड



**काठमाण्डु** । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्षहरुले प्रेस स्वतन्त्रताको रक्षाका निम्ति सबै सरोकारवाला पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभएको छ।

महासङ्घको ६९औँ स्थापना दिवसका अवसरमा शुक्रबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा महासङ्घका पूर्वअध्यक्षहरुले संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिए पनि राज्यले बेलाबेलामा प्रेसमाथि अङ्कुस लागाउने काम गर्दै आएको उल्लेख गर्दै उहाँहरुले प्रेस स्वतन्त्रताको रक्षाका निम्ति गम्भीर हुनुपर्ने धारणा राख्नुभयो।

महासङ्घका पूर्वध्यक्ष तथा राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले देशको मूल कानुन संविधानमै पूर्ण प्रेस स्वतन्त्रता देखिए पनि स्वतन्त्र पत्रकारितालाई शङ्काको घेरामा राख्ने काम गरिएको टिप्पणी गर्नुभयो।

उहाँले भन्नुभयो, “हामी पत्रकार महासङ्घमा आवद्ध भइसकेपछि महासङ्घमार्फत चल्नुपर्ने छलफल, उठाउनुपर्ने विषयवस्तु उठाउन सकेका छौँ कि छैनौँ, तिनलाई छलफलको विषयवस्तु बनाउनुपर्छ कि पर्दैन भन्नेतर्फ पनि हामीले सोच्नुपर्ने हुन्छ।”

महासङ्घका पूर्वअध्यक्ष हरिहर विरहीले अहिले पनि प्रेस स्वतन्त्रता सुरक्षित नरहेको उल्लेख गर्दै सरकारले बेलाबेलामा कानुनमार्फत अङ्कुस लगाउन खोजी नै रहेको बताउनुभयो।

महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेले पछिल्लो समयमा पत्रकारलाई पत्रकारितामै टिकाइराख्न समस्या भएको भन्दै सञ्चार संस्था र पत्रकारलाई टिकाइराख्नु पनि महासङ्घको मुख्य भूमिका हुने बताउनुभयो।

महासङ्घका पूर्वअध्यक्ष डा महेन्द्र विष्टले पत्रकारिता क्षेत्रलाई चौथो अङ्गका रुपमा टिकाइराख्न चुनौती हुँदै गएको टिप्पणी गर्नुभयो।

महासङ्घका अध्यक्ष विपुल पोखेलले महासङ्घले सुरु गरेको सदस्यता शुद्धीकरण अभियानमा सहयोग गर्न अपिल गर्नुभयो।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, महासङ्घका सल्लाहकार निर्मला शर्मा, वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले नेपाली पत्रकारिता क्षेत्रका चुनौतीबारे चर्चा गर्नुभएको थियो।

**प्रेस स्वतन्त्रता सुनिश्चित गर्नेगरी सञ्चारसम्बन्धी कानुन निर्माण गर्नुपर्छ :**

**अध्यक्ष पोखेल**

यसैबीच नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखेलले महासङ्घसहित सरोकारवाला पक्षसँग पर्याप्त छलफल र सहमतिमा प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्नेगरी सञ्चारसम्बन्धी कानुन निर्माणको प्रक्रिया अघि बढाउन आग्रह गर्नुभएको छ।

महासङ्घ स्थापनाको ६९औँ दिवसका अवसरमा आज शुभकामना दिँदै अध्यक्ष पोखेलले नेपालको संविधान तथा राष्ट्रिय आमसञ्चार नीति, २०७३ लाई कार्यान्वयन गर्नुका साथै सोही नीतिअनुरुप सरोकारवाला पक्षसँगको छलफल र सहमतिमा सूचना तथा सञ्चारसम्बन्धी कानुनी र संरचनागत व्यवस्थाका लागि नेपाल सरकार तथा सम्बन्धित निकायलाई आग्रहसमेत गर्नुभएको छ।

“श्रमको आन्दोलनलाई अगाडि बढाइएको छ, संवाद, दबाब र न्यायिक लडाइँमार्फत श्रमजीवी पत्रकारको अधिकार सुनिश्चित गर्ने दिशामा महासङ्घ निरन्तररुपमा अघि बढिरहेको छ, प्रेस स्वतन्त्रता विरोधी प्रावधानसहितका कानुन निर्माण हुनबाट रोक्न सफल भएका छौँ।

कानुनका मस्यौदामाथि नै कार्यदल बनाएर पुनरावलोकन गर्न सरकारलाई बाध्य पारेका छौँ”, अध्यक्ष पोखेलको शुभकामना सन्देशमा उल्लेख छ।

अध्यक्ष पोखेलले श्रमजीवी पत्रकार कल्याण कोषमा विज्ञापनको १० प्रतिशत रकम राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, ज्येष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ता वितरणको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका माग पूरा गर्न सरकारसहित सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभएको छ।

वर्तमान कार्यसमितिले पत्रकार महासङ्घलाई विशुद्ध श्रमजीवी पत्रकारको साझा संस्था बनाउन सदस्यता शुद्धीकरण अभियानलाई अघि बढाएको उल्लेख गर्दै उहाँले पत्रकारिताका मुद्दामाथि बहस सञ्चालन गर्ने काम गरिरहेको उल्लेख गर्नुभयो।

महासङ्घले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, साना लगानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन, पत्रकारको दक्षता अभिवृद्धिका लागि केन्द्र र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आमसञ्चार प्राधिकरणजस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनःसंरचना, समानुपातिक विज्ञापनको कार्यान्वयन गर्नुपर्नेलगायत माग गर्दै आएको छ।रासस

# बोआओ फोरममा चीनको प्रतिबद्धता, खुलापन र साझेदारी

सिन्ह्वा

चीन । यस वर्ष सन् २०२४ को बोआओ फोरमको एसियाली वार्षिक सम्मेलनमा विश्वले आज सामना गरिरहेका साझा चुनौतीलाई सम्बोधन गर्न थप ऐक्यबद्धता र सहकार्यका लागि चीनले आह्वान गरेको छ । चीनको अगुवाईमा सम्पन्न यस सम्मेलनमा चीनले थप खुलापन र साझा विकासका आकाङ्क्षा परि पूर्तिका लागि प्रतिबद्धता समेत व्यक्त गरेको छ।

चीनले पछिल्ला वर्षहरुमा उच्च–गुणस्तर युक्त विकास समेतका सबै मोर्चामा तिब्र विकास गरिरहेको जनाउँदै यसबाट विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने तथा सबै देशको समतामुलक विकासका लागि बढीभन्दा बढी अवसर सिर्जना हुने अपेक्षा पनि गरेको छ ।वार्षिक सम्मेलनको उद्घाटनका अवसरमा सम्बोधन गर्दै चीनका वरिष्ट सांसद झाओ लेजीले समतामुलक यस विकास प्रयासबाट एसियाली छिमेकी मुलुकहरु अझ बढी लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो।



**साझा विकास प्रतिबद्धता**

हाल विश्वले नै कमजोर आर्थिक पुनरुत्थान र क्षेत्रीय द्वन्द्व समेतका गम्भीर चुनौती सामना गरिरहेको छ। यी विषयलाई सम्बोधन गर्न र आफू अनुकूलका परिणामहरु हासिल गर्न देशहरुबीच ऐक्यबद्धता र सहयोग अत्यावश्यक भइसकेको छ । नेसनल पिपल्स कङ्ग्रेस स्थायी समितिका अध्यक्ष झाओले एसियाली मुलुकहरुलाई तटस्थ रहन, एकता मार्फत शक्ति सञ्चय गर्न, एकात्मकतालाई अस्वीकार गर्न तथा कुनै एक पक्षमा आबद्ध नहुन तथा एसियालाई भूराजनीतिक प्रतिस्पर्धाको क्षेत्र हुनबाट रोक्न आह्वान गर्नुभयो।

झाओले भन्नुभयो, चीनले समान र नियमबद्ध बहुध्रुवीय विश्वको पक्षमा वकालत गर्दछ । साथै उहाँले विश्वले समान रुपमा लाभ प्राप्त गर्ने तथा समतामुलक आर्थिक वैश्वीकरणको पक्षपोषण गर्ने बताउँदै ध्रुवीय विवादको पश्चगामी मानसिकताबाट माथि उठ्न र सही अर्थको बहुपक्षीयता अभ्यास गर्न तथा खुला विश्व अर्थतन्त्रका लागि मिलेर अघि बढ्न सबै मुलुकसँग आग्रह गर्नुभयो।

चीन साझा विकास लक्षप्रति प्रतिबद्ध रहेको बताउँदै झाओले भन्नुभयो, "चीन अहिले विश्वका १४० भन्दा बढी देशसँग मुख्य व्यापारिक साझेदार रहेको छ। साथै, धेरै मुलुकमा लगानीको मुख्य स्रोतका रुपमा चीन रहेको छ र विश्वका अधिकांश मुलुकका लागि महत्वपूर्ण लगानी गन्तव्यका रुपमा स्थापित छ।"

मानवताको साझा भविष्य निर्माण गर्नेतर्फ प्रस्ताव गरिरहेको चर्चा गर्दा झाओले अगाडि भन्नुभयो, "विश्वका सबैजसो मुलुकमा राम्रो भविष्यका लागि चिनियाँ शैलीको समाधान अगाडि बढाइएको छ ।"वर्षौंदेखि चीनले अघि बढाएका बेल्ट एन्ड रोड कार्यक्रम (बिआरआई), ग्लोबल डेभलपमेन्ट कार्यक्रम (जिडिआई), ग्लोबल सेक्युरिटी कार्यक्रम (जिएसआई) र ग्लोबल सिभिलाइजेसन कार्यक्रम (जिसिआई) ले समृद्धि र स्थायित्वमा महत्वपूर्ण योगदान गरिरहेको छ। विश्व प्रसिद्ध औषधि उत्पादक कम्पनी अस्ट्राजेनिकाका प्रमुख कार्यकारी अधिकृत पास्कल सोरिओटले सिन्ह्वासँग कुरा गर्दै अर्थतन्त्रलाई बढावा दिन, नवप्रवर्तन प्रविधिलाई अगाडि लैजान तथा अर्थतन्त्रको खुलापनका लागि गरिएका प्रयासमा चीन सरकारको प्रस्ट योजनाबाट आफू निकै प्रभावित बनेको बताउनुभयो।

**खुलापनका लागि प्रतिबद्धता**

चीनले विकास पथमा विश्वलाई नै डो–याउन प्रतिबद्धता व्यक्त गरेको छ । झाओले आफ्नो सम्बोधनमा विश्वकै लागि चीनले आफ्नो ढोका खुला राखेको छ भन्नुभयो। उहाँले भन्नुभयो, "चीनले उच्चस्तरको अन्तर र्ष्ट्रिय आर्थिक तथा व्यापारिक नियमहरुलाई आत्मसात गरेको छ र व्यवसाय–मैत्री वातावरण निर्माण गरिएको छ जुन बजारमुखी, कानुन आधारित र विश्वस्तरीय छ।"

चीनले विदेशी लगानीलाई सहज तुल्याउन नकारात्मक सूचीलाई थप साँघुरो बनाएको छ भने उत्पादन क्षेत्रको पहुँचमा रहेका सबैजसो अवरोधलाई हटाई सकेको छ, झाओले भन्नुभयो ।केही वर्षदेखि चीनले खुलापनलाई निरन्तर अघि बढाउँदैछ । यसका लागि चीनले खुला व्यापार क्षेत्रहरु स्थापना गरेको छ भने विदेशी लगानीका लागि कतिपय क्षेत्रहरुको विस्तार गरेको छ । बहुपक्षीयतामा चीनको पूर्ण समर्थन छ, झाओले अगाडि थप्नुभयो।

उहाँले एसियाली मुलुकहरुले व्यापारिक संरक्षणवादको खुलेर विरोध गर्न तथा सबै प्रकारका अबरोधहरु हटाउनेतर्फ सामूहिक आवाज उठाउन आह्वान पनि गर्नुभयो ।चीनको आर्थिक दृष्टिकोण सम्बन्धमा भएको छलफलमा बीएफए सल्लाहकार परिषद्का सदस्य एवं फ्रान्सका पूर्व प्रधानमन्त्री जीन पियरे राफेरिनले एकात्मक ढाँचाको नीतिले अर्थतन्त्रको बृद्धिमा सहयोग नगर्ने बताउँदै गत वर्ष ५ प्रतिशतभन्दा बढी देखिएको खुला चिनियाँ अर्थतन्त्र विश्वकै लागि सुखद समाचार हो भन्नुभयो।

"तपाईंसँग धेरै युवा जनशक्ति छ, राम्रा विश्वविद्यालय छन्, सुविधासम्पन्न अनुसन्धान केन्द्रहरू छन्, र धेरै मानिसले काम पाइरहेका छन्," राफेरिनले भन्नुभयो । उहाँले चीनको नवप्रवर्तन अभियान विश्वकै लागि महत्वपूर्ण योगदान रहेको बताउनुभयो।

पछिल्ला वर्षहरूमा, भूमण्डलीकरण र व्यापार बहुपक्षवादले केही देशहरूमा व्याप्त सुस्त अर्थतन्त्र र घरेलु राजनीतिको प्रभावका कारण केही अबरोध देखा परेको छ, जसको फलस्वरुप व्यापार संरक्षणवादलाई जन्म दिएको छ ।"यदि सबै मानिसले बन्द कोठाभित्र बसेर बजारको खोजी गर्छन् भने त्यसबाट हामी समृद्धि र विकासको चाहना पूरा गर्न सक्दैनौं, र अवश्य पछि पर्नेछौं," चाइना एन्ड ग्लोबलाइजेसन सेन्टरका अध्यक्ष वाङ हुइयाओले भन्नुभयो।

**चीनमा अवसरहरू**

विगत दशकहरूमा, चीनको बलियो आर्थिक वृद्धि र विशाल बजार संरचनाले विश्वका लागि महत्वपूर्ण अवसर प्रदान गरेको थियो।

# नेपाल 'ए' टोली आयरल्याण्डको 'ए' टोलीसँग पराजित



टुडे समाचारदाता

काठमाण्डु । लोकेश बमले उत्कृष्ट शतक लगाएपनि नेपाल 'ए' टोली आयरल्याण्डको 'ए' टोलीसँग २१ रनले पराजित भएको छ।

आयरल्याण्डले दिएको दुई सय २३ रनको चुनौती नेपाल १९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउदै दुई सय एक रनमा समेटियो। नेपालका लागि लोकेश बमले शतक प्रहार गरे । उनले ५६ बल खेल्दै नौ चौका र आठ छक्काको मद्दतमा सर्वाधिक एक सय छ रनको योगदान दिएका हुन्।

त्यसैगरी आशिफ शेखले २६ बलमा एक चौका र पाँच छक्काको सहयोगमा ४९ रन बनाए । त्यसबाहेक अन्य खेलाडीले उत्कृष्ट प्रदर्शन गर्न सकेनन् । कप्तान विनोद भण्डारीले १४ बलमा दुई चौका र एक छक्काको मद्दतमा १६ रन जोडे । बसिर अहमद तीन रनमा आउट भए।

बलिङतर्फ आयरल्याण्डका फिआन ह्यान्ड र म्याथ्यु हम्फ्रिजले समान तीन-तीन विकेट लिए भने म्याथु फोस्टरले दुई विकेट लिए । त्यस्तै थोमस मेस र ग्याभिन होएले समान एक-एक विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टी-२० शृंखला अन्तर्गतको पहिलोमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको आयरल्याण्ड 'ए' टोलीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय २२ रनको योगफल बनाएको थियो।

आयरल्याण्डका लागि पिटर मोरले ३२ बलमा चार चौका र तीन छक्काको मद्दतले सर्वाधिक ४९ रनको योगदान गरे । त्यस्तै कप्तान नील रक र काडे कारमाइकलले समान ३८-३८ रन बनाए।

स्टेफन डोहिनीले ३४, गारेथ डेलानीले अविजित ३० तथा गाभिन होयले अविजित १८ रन बनाए ।नेपाल 'ए' का लागि कमलसिंह ऐरीले तीन विकेट लिए भने सागर ढकाल र आरिफ शेखले समान एक विकेट लिए। शनिबार आयरल्याण्डको ए टोली र नेपालको ए टोलीबीच दोस्रो खेल हुनेछ।

# अन्तर्राष्ट्रिय अदालतद्वारा गाजामा निर्बाध सहायता अनुमति दिन आदेश




सिन्ह्वा

नेदरल्यान्ड । नेदरल्यान्डको हेगस्थित अन्तर्राष्ट्रिय न्यायालय (आइसीजे) ले बिहीबार इजरायललाई गाजापट्टीमा रहेका प्यालेस्टिनीका लागि आधारभूत मानवीय सहायता सुनिश्चित गर्न आदेश दिएको छ।

इजरायलले संयुक्तराष्ट्रसङ्घसँगको सहयोगमा तत्काल आवश्यक आधार भूत सेवाहरू र मानवीय सहायताका लागि सम्बन्धित पक्षद्वारा व्यापक रूपमा निर्बाध प्रावधान सुनिश्चित गर्न ढिलाइ नगरी प्रभावकारी उपायहरू अपनाउनु पर्ने आईसीजेले फैसलामा उल्लेख गरेको छ। यस सहायतामा खाद्यान्न, पानी, बिजुली, इन्धन, आश्रय, कपडा, स्वच्छता र सरसफाइ आवश्यकताहरूका साथै चिकित्सा सेवा समावेश छ । फैसलामा गाजाबाट सीमापार आवातजावत गर्ने स्थानको क्षमता र संख्या बढाइ आवश्यकताका आधारमा खुला राख्नुपर्ने जनाइएको छ ।

आइसीजेले यसअघि जनवरी २६ मा दिएको फैसलामा पनि इजरायललाई गाजापट्टीमा प्यालेस्टिनीहरू विरुद्धको नरसंहार रोक्न, प्यालेस्टिनी विरुद्धका उक्साहट रोक्न, प्रमाणहरू सुरक्षित गर्न र मानवीय सहायता सम्बन्धमा तत्काल कदम चाल्न आदेश दिएको छ ।सन् २०२३ डिसेम्बर २९ मा दक्षिण अफ्रिकाले गाजापट्टीमा प्यालेस्टिनीहरू विरुद्ध गम्भीर मानवअधिकार उल्लङ्घन गरेको भन्दै इजरायल विरुद्ध कारबाहीको लागि आइसीजेमा मुद्दा दर्ता गरेको थियो।

अदालतले गाजापट्टीमा प्यालेस्टिनीहरूको विनाशकारी जीवन अवस्था अझ बिग्रिएको अवस्थामा प्यालेस्टिनीहरूले खाद्यान्न र अन्य आधारभूत आवश्यकताको अभावलाई ध्यानमा राख्दै यस्तो निर्णय गरेको हो।

पछिल्लो समय गाजामा प्यालेस्टिनीहरूले अनिकालको जोखिम मात्र सामना नगरि अनेकन मानवीय सङ्कटको सामना गर्न बाध्य भएको तथा आगामी दिनमा अझै धेरै कठिन स्थिति उत्पन्न हुन सक्ने आदेशमा उल्लेख गरिएको छ।

# दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति जुमालाई चुनाव लड्न प्रतिबन्ध

एएनआई

केप टाउन । दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति ज्याकोब जुमालाई आगामी मे महिनामा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार हुनबाट रोक लगाइएको निर्वाचन आयोगले जनाएको छ।

दक्षिण अफ्रिकामा आगामी मे २९ अर्थात् २०८१ जेठ १६ गते राष्ट्रपतिको निर्वाचन हुँदैछ। सन् १९९४ यता पहिलो पटक राष्ट्रपति निर्वाचन सर्वाधिक प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको अल जजिराले जनाएको छ।

दक्षिण अफ्रिकाको सबैभन्दा ठूलो दल अफ्रिकन नेसनल कङ्ग्रेस (एएनसी) परित्याग गर्नु भएका पूर्व राष्ट्रपति जुमाले हालैमात्र नयाँ दल एमखोन्टो विसिज्वे (एमके) पार्टी खोल्नु भएको छ। सन् २०२१ मा अदालतको अवहेलनाको आरोपमा केही समय जेलसजाय भोग्नु भएका जुमाले नयाँ दल खोलेर आफ्नो राजनीतिक यात्रा पुनः प्रारम्भ गर्न चाहनु भएको छ।



दक्षिण अफ्रिकी निर्वाचन आयोगका अध्यक्ष मोसोथो मोप्याले पूर्व राष्ट्रपति जुमालाई निर्वाचनमा भाग लिन नपाउने गरी निर्णय भएको पुष्टि गर्नु भयो । उहाँ विरुद्ध एक उजूरी परेको थियो, जसलाई आयोगले स्वीकार गरेको छ, अध्यक्ष मोप्याले भन्नुभयो।

सन् १९९४ मा सत्तामा आएयता एएनसीले पहिलो पटक ५० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने अनुमान गरिएको छ। अफ्रिकामा राष्ट्रपति निर्वाचित हुन कम्तिमा ५० प्रतिशत मत ल्याउनु पर्दछ । मुलुकको कमजोर आर्थिक अवस्था तथा अत्यधिक भ्रष्टाचारको आरोप खेपिरहेको एएनसीलाई जनमत हासिल गर्न निकै धौधौ परेको बताइन्छ।

कुनै समय नेल्सन मण्डेलाले नेतृत्व गर्नु भएको एएनसीले यदि ५० प्रतिशतभन्दा कम मत प्राप्त गरेको अवस्थामा पार्टीले अन्य दलसँग गठबन्धन गर्नुपर्ने हुन्छ। भ्रष्टाचारको आरोप लागेपछि जुमाको राष्ट्रपतीय कार्यकाल सन् २०१८ मा समाप्त भएको थियो । त्यसबखत जुमालाई हटाएर सिरिल रामाफोसा राष्ट्रपति बन्नु भएको थियो।

जुमालाई सन् २०२१ मा एक भ्रष्टाचार मुद्दामा अदालतमा उपस्थित हुन भनिए पनि उहाँ अनुपस्थित भएपछि १५ महिनाको जेल सजाय सुनाइएको थियो । उहाँलाई जेल सजाय भएपछि उहाँका समर्थकले देशव्यापी प्रदर्शन, हिंसा र लुटपाट मच्चाएका थिए।

उक्त हिंसात्मक घटनामा ३५० जनभन्दा बढीको मृत्यु भएको थियो । जुमालाई दुई महिनापछि औषधि उपचारका लागि भन्दै जेलमुक्त गरिएको थियो।

तर माथिल्लो अदालतले जुमालाई जेलमुक्त गर्ने निर्णय सही नभएको भन्दै पुनः जेलमै राख्नुपर्ने सजाय सुनाएको थियो।

अहिले भने निर्वाचन आयोगले संविधानमा भएको एक प्रावधानका आधारमा जुमालाई राष्ट्रपतिमा उम्मेदवार हुनबाट रोकेको छ।

आयोगका अनुसार, दक्षिण अफ्रिकाको संविधानमा कुनै पनि व्यक्तिलाई १२ महिनाभन्दा बढी समय जेलमा रहेको भए त्यस्तो व्यक्तिलाई राष्ट्रपति उठ्न नपाउने संवैधानिक व्यवस्था छ। पूर्व राष्ट्रपति जुमामाथि उहाँ सन् १९९० को दशकमा उपराष्ट्रपति हुँदा भएको एक हतियार खरिद सम्झौतामा भ्रष्टाचार गरेको आरोप समेत अदालतमा विचाराधीन छ।

# इजरायली आक्रमणमा ३६ सिरियाली सैनिकको मृत्यु

एएफपी

बेरुत। सिरियाको एलेप्पो प्रान्तमा इजरायलले शुक्रबार बिहान गरेको हवाई आक्रमणमा कम्तीमा ३६ जना सिरियाली सैनिकको मृत्यु भएको छ। सिरियाली युद्धको अनुगमन गरिरहेको एक संस्थाले हेज्बुल्लाह विद्रोहीले हतियार राखेको आशंकामा इजरायलले उक्त आक्रमण गरेको जनाएको छ।

बेलायतमा कार्यालय रहेको सिरियाली अब्जरभेटरीले लेबनानमा सक्रिय हेज्बुल्लाह समूहको क्षेप्यास्त्र भण्डारणमा इजरायलले हवाई आक्रमण गरेको जनाएको छ। आक्रमणमा अरु दर्जनौं व्यक्ति घाइते भएका छन्।

इजरायली विमानले एलेप्पोको अन्तर्राष्ट्रिय विमानस्थल नजिक आक्रमण गरेका थिए । सिरियाली सरकारी समाचार एजेन्सी सानाका अनुसार शुक्रबार बिहानै गरिएको उक्त आक्रमणबाट सिरियाली



सैनिक सहित धेरै सर्वसाधारणको मृत्यु भएको छ । सिरियाली सैनिक स्रोतलाई उद्धृत गर्दै सानाले इजरायली लडाकू विमानले एलेप्पोको दक्षिणपूर्वी अथरियाबाट आक्रमण गरेको जनाएको छ।

इजरायली सेनाले भने उक्त आक्रमणका बारेमा केही बताउन अस्वीकार गरेको छ ।सन् २०११ मा सिरियामा गृहयुद्ध सुरु भएयता सैयौं पटक सिरियाली भूभागमा हवाई आक्रमण गरिसकेको छ । इजरायलले लेबनानमा सक्रिय हेज्बुल्लाह समूहलाई हतियार आपूर्ति हुन नदिन यस्तो आक्रमण गरिआएको बताउँदै आएको छ ।गत अक्टोबर ७ मा गाजा क्षेत्रमा हमास विरुद्धको युद्ध प्रारम्भ भएसँगै इजरायलले सिरियाली भूभागमा पनि आक्रमणको संख्या बढाएको छ।

गाजा युद्ध आरम्भ भएयता हमास समूहसँग निकट सम्बन्ध रहेको हेज्बुल्लाह विरुद्ध दैनिकजसो इजरायलले आक्रामक कारबाही गरिरहेको छ । पछिल्ला छ महिनामा इजरायली आक्रमणबाट लेबनानमा कम्तीमा ३४६ जनाको मृत्यु भइसकेको छ जसमा अधिकांश हेज्बुल्लाहका लडाकूहरु रहेका छन्।

# क्रिप्टो संस्थापक ब्याङ्म्यान-फ्राइडलाई २५ वर्ष जेल सजाय

एएफपी

न्यूयोर्क । क्रिप्टो कारोबारका क्रममा ठूलो अनियमितता र ठगी गरेको आरोप लागेका साम ब्याङ्कम्यान-फ्राइडलाई अमेरिकी अदालतले २५ वर्षको जेल सजाय सुनाएको छ।

अमेरिकी जिल्ला न्यायाधीश लेविस कप्लानले फ्राइडले आफूमाथि लागेका आरोपप्रति कुनै पश्चाताप नमानेको बताउनु भएको छ । छोटो अवधिमै अर्बपतिको सूचीमा परेका फ्राइडले जानाजान वित्तीय कानुनहरु आफूले उल्लङ्घन नगरेको दाबी गर्दै आएका थिए।



फ्राइडले अदालतसामु आफूले गल्ती भएको स्वीकार गरेपनि वित्तीय अपराध गरेकामा कुनै पश्चाताप गरेका थिएनन् । न्यायाधीश कप्लानले फ्राइडलाई २५ वर्षको जेल सजाय तोक्नुका साथै अरु तीन वर्ष पनि निगरानीमा राख्ने गरी आदेश दिनु भएको छ।

फ्राइडलाई ११ अर्ब अमेरिकी डलर भुक्तानी गर्न पनि आदेश दिइएको छ । उनले यो रकम विभिन्न व्यक्ति एवं संस्थाबाट चोरी गरेको अदालतले ठहर गरेको थियो। फ्राइड छोटो अवधिमै क्रिप्टोको दुनियाँमा माथि पुगेका थिए, र उनी ३० वर्ष नपुग्दै अर्बपति भएका थिए। सन् २०१९ मा सानो स्टार्टअपका रुपमा सुरु गरेको एफटिएक्स क्रिप्टोलाई विश्वकै दोस्रो ठूलो क्रिप्टो करेन्सीमा रुपान्तरण गर्न उनी सफल भएका थिए । तर नोभेम्बर २०२२ मा फ्राइडको ओरालो यात्रा सुरु भएको थियो।

# सहकारीमा गरेको बचत सुनिश्चित गर्न माग

**चितवन** । चितवनका सहकारी संस्था समस्याग्रस्त बन्दै गएपछि यहाँका बचतकर्ताले सहकारीमा जम्मा गरेको बचतलाई सुरक्षित गर्न आग्रह गरेका छन्। नेपाली काङ्ग्रेस चितवनको सहकारी विभागले पूर्वी क्षेत्र रत्ननगर र पश्चिमी क्षेत्रको भरतपुरमा आयोजना गरेको सहकारी संस्थासम्बन्धी अन्तरक्रियाका वक्ताले सहकारी पीडितको पीडा सुन्ने निकाय नै मौन बस्दा पीडितका समस्या अझै बल्झिँदै गएका बताए । पीडित बचतकर्ताले सहकारी कुन दिन बन्द हुन्छ भन्ने चिन्तामा आफूहरु रहेको बताए । उहाँहरुले जिल्लामा नै केन्द्रीय कार्यालय भएर सञ्चालन भएका सहकारी केही हदसम्म जिम्मेवार बनेको भए पनि शाखाका रुपमा स्थापना भएका सहकारीलाई विश्वास गर्न नसक्ने वातावरण बनेको उल्लेख गरे। सहकारी पीडित शालिग्राम दुवाडीले जनताको पैसा एउटा सञ्चालक वा व्यवस्थापकले अपचलन गरेर हिँड्दा जनताको उठीबास भएको बताउनुभयो । एउटै व्यक्ति पटक पटक अध्यक्ष भइरहँदा समस्या आएको उहाँको भनाइ थियो । साहारा सहकारीले मात्रै रु ८५ करोड हिनामिना गरेको दुवाडीले आरोप लगाउनुभयो।

उहाँले भन्नुभयो, "सहकारी पीडितको समस्या समाधान नभएसम्म जनताले सुःख पाउँदैनन् ।" यसैगरी, अर्का पीडित तुलसीराम सापकोटाले समाज अहिले सहकारी पीडितको कुरामा केन्द्रित हुन नसकेको बताउनुभयो । सहकारी पीडितका कुराको सुनवाइ नभएको उहाँको गुनासो थियो ।

त्यस्तै सुरेशजङ्ग पाण्डेले शिव शिखर सहकारीमा रु ६८ करोड अपचलन भएको बताउनुभयो । पछिल्लो समय चितवनलगायत देशैभर देखिएका बचत तथा ऋण सहकारी संस्था सम्बन्धी विविध समस्याको समाधान सरकारले तत्काल खोज्नुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा बिकु बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद पौडेलले कार्यपत्र प्रस्तुत गर्दै सञ्चालकको मनपरीका कारण धेरै सहकारीमा समस्या देखिने गरेको बताउनुभयो । सहकारी संस्थाले सहकारीमा सङ्कलन भएकामध्ये ९० प्रतिशत रकम आफ्नो प्रयोजनमा खर्च गर्दा समस्या बढ्दै गएको जानकारी दिनुभयो। सहकारीलाई नियमन गर्ने निकाय नै कमजोर हुँदा सञ्चालक र ऋणीले मनपरी गर्ने गरेको उहाँको भनाइ थियो।

कांग्रेस चितवनका सहकारी विभाग प्रमुख कमला दवाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कांग्रेस जिल्ला सभापति राजेश्वर खनाल, बागमती प्रदेशसभा सदस्य बिनु रायमाझी पौडेल, जिल्ला सहकारी सङ्घका अध्यक्ष भक्तिराम अधिकारीलगायतले वर्तमान समयमा सहकारीमा देखिएका समस्या समाधानका लागि सरकारले चासो दिनुपर्ने बताए।

# लगानी प्रवर्द्धनमा भूमिका खेल्न संचारमन्त्री शर्माको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा अन्तर र्राष्ट्रिय व्यापार तथा लगानी प्रवर्द्धनका लागि भूमिका खेल्न निजी क्षेत्रलाई सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आग्रह गरेकी छन् ।

शुक्रबार आयोजित नेपाल इटाली चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (एनआइसिसीआई) को १०औँ वार्षिक साधारणसभामा सञ्चारमन्त्री शर्माले नेपालमा उत्पादित वस्तुलाई विश्व बजारमा कसरी पुऱ्याउन सकिन्छ र बढीभन्दा बढी वैदेशिक लगानी भित्र्याएर अर्थतन्त्रलाई योगदान दिन सकिन्छ भन्ने विषयमा निजी क्षेत्रले काम गर्नुपर्ने बताईन् । विभिन्न मुलुकसँगको द्विपक्षीय व्यापार प्रवर्द्धन र लगानी वृद्धिका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उनको भनाइ छ।

भूकम्पपछिको पुनःनिर्माणमा इटालीले नेपाललाई गरेको सहयोगको अतुलनिय रहेको बताउदै सञ्चारमन्त्री शर्माले नेपालमा बढी पर्यटक पठाउने मुलुकमा इटाली पनि अग्रस्थानमा रहेको बताईन् । इटालीका लगानीकर्तालाई नेपालमा थप लगानी बढाउन पनि उनले आग्रह गरिन् । आगामी बैशाखमा आयोजना हुन लागेको अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा इटालीबाट उल्लेख्य लगानीकर्ताको सहभागिता रहने अपेक्षा गरेको उनको भनाइ छ।



मन्त्री शर्माले नेपालले लगानी सम्मेलन आयोजना गरिरहेको र वैदेशिक लगानी भित्र्याउनका लागि थप सहज बनाउन दर्जनभन्दा बढी कानुन 'फास्टट्र्याक'मा संशोधन पनि गरिन लागिएका बताउदै उनले सूचना प्रविधिको क्षेत्रलाई लगानीको प्राथमिकता राखेको बताईन्।

नेपाल इटाली चेम्बर अफ कमर्सका अध्यक्ष सञ्जय अग्रवालले दुई देशबीचको आर्थिक तथा व्यापारिक साझेदारीलाई थप बढाउन निजी क्षेत्रले भूमिका खेल्ने बताए।

नेपालको निर्यात व्यापारलाई कसरी बढाउन सकिन्छ र मुलुकको अर्थतन्त्रलाई योगदान पुऱ्याउन सकिन्छ भनेर निजी क्षेत्रले प्रयास गरिरहेकामा सरकारका तर्फबाट साथ सहयोगको अपेक्षा रहेको उनले बताए।

इटालीका लागि नेपालका महावाणिज्यदूत प्रतिमा राणा पाण्डेयले दुई देशको व्यापार र लगानी साझेदारीका लागि थप पहलको आवश्यकता

# बैंकिङ कसुरका निवेदन बढ्दो




**टुडे समाचारदाता**

चितवन । चितवनमा बैंकिङ कसुरका निवेदन बढ्दै गइरहेको देखिएको छ। जिल्ला प्रहरी कार्यालय चितवनमा चालु आर्थिक वर्षको हालसम्म सात सय ५३ बैंकिङ कसुरका उजुरी परेका छन्।

कार्यालयको बैंकिङ कसुर शाखाका वरिष्ठ प्रहरी नायब निरीक्षक राम कार्कीका अनुसार विसं २०७९ मङ्सिरदेखि शाखा स्थापना भई बैंकिङ कसुरका निवेदन दर्ता गर्न थालिएको हो । चालु आवमा परेका निवेदनमध्ये एक सय ६५ मुद्दा दर्ता भइसकेको छ । कार्कीले शाखामा परेका उजुरीमध्ये २० प्रतिशत आपसी मेलमिलाप हुने गरेको बताउदै करिब २० प्रतिशतमा आपसी मेलमिलाप हुने गरेको र केही छलफलकै क्रममा रहेको बताए।

निवेदन परिसकेपछि कार्यालयले सम्बन्धित व्यक्तिलाई छलफलका क्रममा बोलाउने गरेको प्रहरी नायब निरीक्षक कार्कीले बताए । छलफलमा सहमति भएर पीडितले आफ्नो रकम पाउने सुनिश्चित भएसँगै मिलापत्र हुने उनको भनाइ छ ।कार्कीका अनुसार यस शाखामा रु ५० हजारदेखि रु एक करोडसम्मका उजुरीहरु आएका छन्। नौ लाख मुनिका निवेदनलाई आर्थिक कारोबारको प्रमाण आवश्यक नपर्ने भन्दै त्यसभन्दा माथिका निवेदनको हकमा आर्थिक कारोबारको प्रमाणसमेत आवश्यकपर्ने उनले बताए।

# संकटमा बेकरी उद्योग



**टुडे समाचारदाता**

झापा । सरकारले व्यवसायलाई अझ दक्ष र अवैध आयातलाई रोक्न नसक्दा मुलुकका बेकरी उद्योग संकटमा पर्न थालिएका छन् ।

झापामा दक्ष जनशक्तिको अभाव र अवैध आयातले गर्दा बेकरी उद्योगीहरु समस्यामा परेका छन् । झापाको सीमावर्ती क्षेत्रबाट लुकिछिपी पाउरोटी, बिस्कुट, केकलगायत बेकरीजन्य खाद्यवस्तु भित्रिँदा उद्योग सङ्कटमा पर्दै गएको उद्योगीहरुको भनाई छ । जिल्लास्थित बेकरी उद्योग व्यवसायी सङ्घका अध्यक्ष नरबहादुर गिरीका अनुसार भारतबाट आयत हुने बेकरी सस्तो हुन्छ, स्वदेशी उत्पादनको गुणस्तर राम्रो भए पनि मूल्यमा प्रतिस्पर्धा गर्न सकिँदैन,जसले गर्दा उद्योग सञ्चालन गर्न गाह्रो भइरहेको छ।

झापा उद्योग सङ्घका अध्यक्ष यमबहादुर श्रेष्ठले कच्चापदार्थ आयातमा बढी भन्सार लगाइँदा स्वदेशी उद्योग सङ्कटमा पर्दै गएका बताए। "गहुँ आयात गर्दा ४० प्रतिशत कर लाग्छ, तयारी बिस्कुट आयातमा २५ प्रतिशत कर लाग्छ", उनले भने, "सरकारको नीति निर्यातमुखीभन्दा पनि आयातमुखी जस्तो देखिएको छ ।" उनले स्वदेशी उद्योग टिक्नसक्ने र स्वदेशी उत्पादन बिक्नसक्ने वातावरण सरकारलाई बनाउनुपर्नेमा जोड दिए।

जिल्लास्थित नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष ओमकृष्ण विमलीले राज्य सञ्चालनका लागि ठूलो योगदान गरिसकेको उद्योग-व्यवसायको क्षेत्रलाई विशेष प्राथमिकता दिएर सरकारले नीति बनाउनुपर्नेमा जोड दिए। "विदेशी होइन, स्वदेशी कच्चा पदार्थको प्रयोग गरेर उत्पादन गर्न सकिने उद्योग खोल्नुपर्छ", उनले भने, "सरकारले पनि यसमा सहयोग गर्न आवश्यक छ।"

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख प्रेमप्रकाश सापकोटाले पछिल्लो समय बजार अनुगमन गरेर भारतीय बेकरीजन्य वस्तु नष्ट गरिएको बताए। "अनुगमन गरेपछि केही हदसम्म समस्या समाधान भएको थियो", उनले भने, "पुनःत्यस्तो समस्या देखिएको छ, अनुगमन गर्छौं।"बेकरी उद्योगमा दक्ष कामदार (ओभन मास्टर) को अभाव भएको र भारतीय कामदारको भरमा उद्योग सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उद्योगी-व्यवसायीले गुनासो गर्दै आएका सापकोटाले बताउनुभयो। उहाँले सोको समाधानका लागि कार्यालयले चाँडै 'ओभन मास्टर' तालिम सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिए।

बेकरी उद्योग सङ्घमा ४७ वटा बेकरी उद्योग आबद्ध छन्।

ती उद्योगले पाँच हजारदेखि १० हजार जनालाई प्रत्यक्षपरोक्ष रुपमा रोगजारी प्रदान गरिरहेका सङ्घकी सदस्य भीमा शिवाकोटीले जानकारी दिए।

निरन्तर कच्चापदार्थको मूल्यवृद्धि भए पनि पुरानै दररेटमा उत्पादित वस्तु बिक्री गरिरहेकाले समस्या उत्पन्न भएको उनको भनाई छ। दक्ष कामदार उपलब्ध हुँदा पनि उनीहरुको मागअनुसारको पारिश्रमिक दिनेसक्ने अवस्था नरहेको उद्योगी बताउँछन्।

# सेनाको जागिर छाडेर 'अर्ग्यानिक' व्यवसायमा

**कर्णाली** । गरिबी, भोक र अशिक्षाले दबिएको परिवारमा जन्मेका तिला गाउँपालिका-८ जुम्ला पुरु गाउँका कमल नेपालीलाई आज यो ठाउँमा पुगिन्छ भन्ने पत्तो नै थिएन । माटोका भाँडा बनाएर गाउँगाउँमा बेच्दै हिँड्ने कमलका बुबा पुस्तासम्म समाजबाट हेपिँदै आएको थियो । कथित उपल्लो जातबाट बुबा पुस्ता पनि माथि उठ्न नसकेको कमल बताउनुहुन्छ।

अहिले भने कमलको परिवार त्यो अवस्थाबाट धेरै माथि आइपुगेको छ । यो अवस्थामा आइपुग्नुको जस भने उहाँ तत्कालीन सशस्त्र विद्रोहलाई दिनुहुन्छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को सशस्त्र विद्रोह चलिरहेको बेला विसं २०५८ मा उहाँ पूर्णकालीन सदस्य भएर पार्टीमा लाग्नुभयो । आफ्नै छिमेकी गाउँ जुम्लाकोटमा राज्य पक्षले दिदी लालकुरा नेपालीलाई गोली हानेर मारेपछि उहाँ माओवादी बन्नुभएको थियो।

विसं २०५९ देखि जनमुक्ति सेनामा जोडिएका नेपाली जुम्ला, अर्घाखाँची, बेनी, पाल्पा, बाँकेको कसुम, गणेशपुर, रुकुमको खारालगायत ४३ ठाउँमा लड्नुभएको थियो । अर्घाखाँची र खाराको लडाइँमा घाइते हुनुभएका उहाँलाई टाउको र हातमा गोली लागेको थियो। मुलुकमा शान्ति स्थापना भइसकेपछि नेपालीले विसं



२०६३-२०६९ सम्म ६ नं डिभिजन सुर्खेतको दशरथपुरमा सेनामा रहेर काम गर्नुभयो।

दशरथपुरमा सेनाबाट रु पाँच लाखसहित स्वेच्छिक अवकाश लिएर बाहिर आएपछि सुरुमा उहाँले पोल्ट्री फर्म खोल्नुभयो । पछि युवराज प्रकृति अर्ग्यानिक खाद्य तथा फलफूल कोसेली अर्डर एन्ड सप्लायर्ससहित खाद्य प्रशोधन तथा प्याकेजिङ उद्योग खोलेको उहाँले बताउनुभयो । वीरेन्द्रनगर नगरपालिका-४ सुर्खेत हाम्रो टोलमा रहेको अर्ग्यानिक खाद्य तथा फलफूल सप्लायर्सबाट उहाँले कर्णालीको अर्ग्यानिक कृषि उपज बिक्री वितरण गरिरहनुभएको छ।

नेपालीले भन्नुभयो, "हामीले जिम्मु, टिमुर, सिमी, जौ तथा मकैको च्या्ला, तिल, मसुरोका दाल, चिनो, कागुनोको चामल, काली मार्सी चामल, कर्णालीको सर्वोत्तम पीठो, भुटेको मकैको खाजा, कालो तथा खैरो भट्ट, फापर, कोदो, मकै, मिठे फापरको पीठो, ओखरलगायतका कर्णालीको उत्पादन बिक्री वितरण गर्दै आएका छौँ, बजारको माग बढ्दै जाँदा पुर्याउन मुस्किल भएको छ।"

उहाँले प्रतिकिलोका हिसाबले सिमी दाना रु दुई सय ५० र दाल रु तीन सय, टिमुर रु एक हजार चार सय, ओखर रु एक हजार, जिम्मु रु चार हजार, घोडो मच्चो रु छ सय, स्याउको चाना रु एक हजार दुई सय, मार्सी चामल प्याकेजिङ रु दुई सय ४०, कालो भट्ट रु एक सय ५०, फापर तीते रु एक सय ५० र मिठे रु तीन सय, चिनो, कागुनोको रु तीन सय, मसुरोका दाल रु दुई सय, मार्से (लट्टे) रु एक सय २० र खैरो भट्ट रु एक सय ४० मा बेच्ने गरेको बताउनुभयो।

कर्णालीका १० जिल्लामा उत्पादित रैथानेबालीको सङ्कलन, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ, लेबलिङ र बिक्रीवितरण गर्दै आएको बताउनुभएका उहाँले अर्ग्यानिक कृषि उपजको उत्पादनमा वृद्धि ल्याउनुपर्ने सुझाउनुभयो । प्रदेश सरकारबाट रु छ लाख अनुदान सहयोग पाएको जनाउँदै उहाँले सरकारले कर्णालीमा उत्पादित रैथाने बालीको संरक्षण, प्रवर्द्धन र वृद्धिमा जोड पुग्ने नीति तथा कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो।

उहाँको अनुभूतिअनुसार सस्तो र महङ्गो वस्तु किनेर उपभोग गर्ने दुई प्रकारका उपभोक्ता छन्।

महत्व बुझेका उपभोक्ताले अर्ग्यानिक कृषि वस्तु किनेर खान्छन् तर महत्व नबुझेका उपभोक्ताले आयतीत वस्तुलाई नै बढी प्राथमिकता दिने गर्दछन्। उहाँले भन्नुभयो, "खाद्य तथा फलफूल किन्दा उपभोक्ता सचेतना निकै ठूलो कुरा रहेछ, अब 'टल्किने चीज होइन मौलिक, विदेशी होइन स्वदेशी उपज उपभोगमा जोड दिऔँ' भन्ने बुझाउन जरुरी छ।"

करिबएकदशकदेखिव्यवसाय गर्दै आउनुभएका नेपालीले मासिक रु ७० हजार आम्दानी गर्दै आउनुभएको छ । कर्म गरे स्वदेशमै आत्मनिर्भर बन्न सकिन्छ विश्वासमा अडिग उहाँलाई छोराछोरी पढाउन र परिवार पाल्न विदेश जानुपरेको छैन।

अर्ग्यानिक कृषि वस्तुको उत्पादनमा जोड दिँदै प्रदेश तथा स्थानीय सरकारले नागरिकको खानपिन आदतलाई मौलिक परिवेशमा ढाल्ने कार्यक्रम तर्जुमा गर्न सके यहाँका नागरिकको स्वास्थ्य निर्माणमा सहयोग पुग्ने उहाँको भनाइ थियो।

परिवर्तन र कर्मका निम्ति जस्तोसुकै जोखिम उठाउन तत्पर हुनेहरुले जीवनलाई आत्मनिर्भर बनाउन सक्दा रहेछन् भन्ने अनुभूति बल्ल भइरहेको बताउँदै नेपालीले भन्नुभयो, "मलाई राजनीतिक चाप र धक्काले व्यवसाय गर्न उत्प्रेरित गरायो, मनैभित्रबाट उब्जेको विद्रोहले बाँच्नका निम्ति सङ्घर्ष, अन्यायविरुद्ध लड्न र परिवर्तनका निम्ति जोखिम मोल्न सिकायो।"रासस

# आम्दानीको स्रोत मालागेडी

दाङ । दाङको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोटबासी मालागेडी अर्थात् सुगन्धकोकिला बिक्री गरेर यस वर्ष करिब रु दुई करोड आम्दानी गर्न सफल भएका छन् । माडागेडीबाट निस्कने सुगन्धले छिल्लीकोट बाह्रै महिना बासनादार बन्ने गरेको छ । चैत लागेसँगै फूल फुल्न थालेपछि अचेल सो ठाउँको वातावरण मगमग बासनादार बनेको छ। यस वर्ष मौसमले निकै साथ दिएपछि मालागेडी अर्थात् सुगन्धकोकिला बिक्रीबाट राम्रो आम्दानी भएको छिल्लीकोटबासी बताउँछन्।

यस रु ५७ हजार प्रतिक्विन्टलमा मालागेडी बिक्री भएको स्थानीय तिलबहादुर वलीले बताउनुभयो । उहाँले यस पटक १० क्विन्टल मालागेडी बिक्री गर्नुभयो । बाउबाजेको पालामा रोपेको मालागेडीका रुख अहिले ठूलाठूला भएर फल दिने भएका छन् । पछिल्लो समय व्यावसायिक रुपमा यसको खेती गर्न थालेपछि रोपिएका रुपले पनि प्रशस्त मात्रामा फल दिन थालेको छ। त्यसले गर्दा मालागेडी बिक्री गरेर उहाँले मनग्य आम्दानी गर्नुभयो।

स्थानीय ६७ वर्षीयी नत्रबहादुर खत्रीको १२ जनाको परिवार छ। यस वर्ष उहाँले १२ क्विन्टल मालागेडी बिक्री गरेर रु छ लाख ८४ हजार आम्दानी गर्नुभयो । रोपेको छ वर्षपछि नै बिरुवाले फल दिन थालेको उहाँले बताउनुभयो। उहाँको घरमा ५० बोट जति पुराना रुख छन् । अरु नयाँ बोट पनि हुर्किरहेका छन्। हुर्केका बिरुवाले वर्षौंसम्म फल दिन्छन् । एक पटकको लगानीले वर्षौंसम्म आम्दानी दिने भएपछि यहाँका अधिकांशको घरमा मालागेडीका बिरुवा भएको खत्रीले बताउनुभयो।

पाकेपछि रुखबाट खस्ने फललाई सङ्कलन गरेर बिक्री गर्ने गरेको सोही वडाको खानी गाउँका खुमा थापाले बताउनुभयो । उहाँ पेसाले शिक्षक हुनुहुन्छ । उहाँ जनता मावि बिजौरीमा शिक्षण गर्नुहुन्छ । गाउँका हरेक घरमा मालागेडीका रुख छन्। बिदाको समयमा मालागेडी सङ्कलन गर्ने गरेको उहाँले बताउनुभयो । विश्वमै लोपोन्मुख प्रजाति मालागेडी अर्थात् सुगन्ध कोकिला छिल्लीकोट क्षेत्रमा प्रशस्त मात्रामा पाइने गरेको उहाँले बताउनुभयो।

अन्यत्र फलेको मालागेडीभन्दा छिल्लीकोटमा फलेको मालागेडीले मूल्य राम्रो पाउने गरेको थापा बताउनुहुन्छ। फूल फुल्ने समयमा असिना पानी परेन भने राम्रो फल दिने उहाँले बताउनुभयो। यस वर्ष हावापानीले राम्रै साथ दिएपछि गाउँभरबाट करिब एक सय ५० क्विन्टल मालागेडी निकासी भएको उहाँ बताउनुहुन्छ । एक घरबाट दुई क्विन्टलदेखि १२ क्विन्टलसम्म मालागेडी बिक्री भएको बताइएको छ। मालागेडी किन्न व्यापारी घरमै आउने हुँदा बजारको समस्या नरहेको उहाँको भनाइ छ ।तुलसीपुर-१८ को दूधरासबाट उत्तर पहाडमा करिब १२ किलोमिटरको दूरीमा रहेको छिल्लीकोटमा मालागेडीलगायत थुप्रै आयुर्वेदिक वनस्पति पाइन्छन् । "यो हाम्रा लागि आम्दानीको गतिलो स्रोत हो", स्थानीय तिलबहादुर वलीले भन्नुभयो, "मालागेडी नै हाम्रो मुख्य आम्दानीको स्रोत हो, छिल्लीकोटका सबै घरपरिवारले व्यावसायिक रुपमा मालागेडीको खेती गर्दै आएका छन्, स्थानीयको आम्दानीको मुख्य स्रोत यही मालागेडी हो।"

असोज लागेपछि कालो भएर आफैँ खस्ने मालागेडी सङ्कलन गर्न सजिलो होस् भन्दै रुखको वरपरका सबै झाडी सफा गरेर मैदान बनाउने गरिन्छ। यसरी सङ्कलन गर्दा चाँडो हुने गरेको उहाँ बताउनुहुन्छ । मालागेडी बेच्न बजार खोज्नु पर्दैन मानिस घरमै आउँछन्।

# हरित अर्थतन्त्रका विकासका लागि बागवानी प्रदर्शनी

**टुडे समाचारदाता**

काठमाण्डु। हरित अर्थतन्त्रका विकासका लागि नर्सरी व्यवसायी सङ्घले शुक्रबारदेखि बागवानी प्रदर्शनी सुरु गरेको छ। काठमाडौँको भृकुटीमण्डपमा आयोजित प्रदर्शनी आइतबारसम्म सञ्चालन हुने र करिब रु एक करोडको कारोबार हुने लक्ष्य राखिएको छ।

आर्थिक मन्दीले सुस्ताएका हरित अर्थतन्त्र विकासमा संलग्न उद्यमी व्यवसायी नर्सरी व्यवसायबाट थप मनोबल सिर्जना गर्न बागवानी प्रदर्शनी आयोजना गरिएको सङ्घको भनाइ छ।

वन तथा वातावरणमन्त्री नवलकिशोर साहले प्रदर्शनी उद्घाटन गरेको मेलामा सम्भव भएसम्म देशभरिबाट पुष्प नर्सरी, फलफूल नर्सरी, कृषि वन नर्सरी तथा जडीबुटी नर्सरीको सात सयभन्दा बढी प्रजातिका बोटबिरुवा प्रदर्शनी तथा बिक्रीवितरणका लागि राखिने प्रर्दशनीका संयोजक रामजी कुवंरले बताए । उनले मलखाद्य, अर्गानिक एवं रासायनिक विषादी, बीउबिजन, औजार उपकरण तथा प्रविधिकोसमेत स्टल रहने जानकारि दिए।

कुवरँले मेलामा ७४ वटा व्यावसायिक स्टल, चार वटा फुड स्टल, सात वटा अफिसियल स्टल तथा प्रतिस्पर्धाको पाँच वटा स्टल गरी जम्मा ९० वटा स्टल रहने जानकारी दिए । नर्सरी व्यवसाय गर्न चाहने नवउद्यमी, जिज्ञासु एवं अनुसन्धता सम्पूर्णका लागि यस मेला बृहत् साझा मन्च हुने उनको भनाइ छ।

कम्तीमा ५० हजार अवलोकनकर्ताले मेला अवलोकन गर्ने र रु एक करोडभन्दा माथीको आर्थिक कारोबार हुने अपेक्षा रहेको संयोजक कुँवरको भनाइ छ। मेला अवलोकन गर्न सर्वसाधारणका लागि प्रवेश शुल्क प्रतिव्यक्ति एक सय रुपैयाँ तोकिएको छ।

# प्रधानमन्त्रीको उथलपुथलका कुराले राजनैतिक अन्योल सिर्जनाः नेता निधि

**टुडे समाचारदाता**

राजविराज। नेपाली काँग्रेसका नेता तथा सांसद विमलेन्द्र निधिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिएको अभिव्यक्तिले राजनैतिक अन्योल सिर्जना गरेको टिप्पणी गरेका छन्।



राजविराजमा शुक्रबार नेपाल कायस्थ महासंघको प्रथम राष्ट्रिय महाधिवेशन एवं वार्षिक साधारण सभाको उद्घाटन गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्री निधिले यस्तो टिप्पणी गरेका हुन्।

प्रधानमन्त्री प्रचण्डले पहिले पनि उथलपुथलका कुरा गर्नूहुन्थ्यो, उनले भने "बिहीबार पनि यस्तै कुरा गरेर राजनैतिक अन्योल सिर्जना गर्ने काम भएको छ।"

उथलपुथलका कुराभन्दा पनि जनताको समस्या र देशको विकासका कुरा बढी ध्यान दिनुपर्नेमा उनको जोड थियो।

नेपालमा शासन प्रणाली र पात्र फेरिने प्रयोग आवश्यकता भन्दा बढी भइरहेको भन्दै नेता निधिले अब प्रयोग भन्दा पनि जनताको मूल समस्या समाधानमा सबै लाग्नु पर्ने बताए।

अर्को प्रसंगमा अल्पसंख्यकको रुपमा रहेतापनि कायस्थ जातिको मुलुकको हरेक क्षेत्रमा योगदान रहेको चर्चा गर्दै नेता निधिले राजनीतिक दलका हिसाबले विभिन्न ठाउँमा विभक्त रहेर पनि जातीय उत्थान र सामाजिक उत्थानका लागि कायस्थ समुदाय एकीकृत भइ अघि बढ्नु पर्ने बताए।

उनले जातीय संस्कृतिको जर्गेना सहित समाजिक विकासमा अझ एकताबद्ध भई लाग्न कायश्थ समुदायका अगुवालाई आग्रह समेत गरे।

सो अवसरमा उनले नेपाल कायस्थ महासंघको मुख-पत्रको रुपमा प्रकाशन गरिएको "कायस्थ स्मारिका २०८०" को विमोचन समेत गरे। त्यस्तै महासंघको वेबसाइटसमेत उनले शुभारम्भ गरे।

कार्यक्रममा कायस्थ जातिको उत्थानका लागि योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरुलाई प्रमुख नेता निधिले मिथिला पाग, दोसल्ला र कदरपत्रबाट सम्मान गरेका थिए।

कार्यक्रममा महासचिव शिवचन्द्र लालले सांगठनिक प्रतिवेदन तथा कोषाध्यक्ष सन्तोष किशोर लाभले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

नेपाल कायस्थ महासंघका अध्यक्ष एवं सर्वोच्च अदालतका पूर्वन्यायाधीश लोकेन्द्र मल्लिकको अध्यक्षतामा आयोजित कार्यक्रममा महासंघका निर्वतमान अध्यक्ष आनन्दमोहन लाल दास, सर्वोच्च अदालतका पूर्वन्यायाधीश कमल नारायण दास, महासंघको काठमाण्डु जिल्ला अध्यक्ष संतोष किशोर लाभ, कायस्थ स्मारिका २०८० का मुख्य सम्पादक राजेश कुमार झा, राजर्षि विश्वविद्यालयका डा.शैलेन्द्र नारायण मल्लिक, डा. गौरीशंकर लाल दासलगायतले पनि शुभकामना दिँदै जातीय उत्थानसंगै कायस्थ समाजको कला, कौशल तथा साँस्कृतिको संरक्षण र संवर्द्धनमा सबै मिलेर अघि बढ्नु पर्नेमा जोड दिएका थिए। महाधिवेशन एवं वार्षिक साधारणसभामा कायस्थ जातिको जातीय संस्था चित्रगुप्त सेवा समितिका समेत देशभरका प्रतिनिधिहरुको सहभागिता छ।

# चरिदिनमा होरीको शुभकामना



ब्लग :



श्यामसुन्दर शशि

गत सोमबारदेखि सुरु भएको चरिदिनमा होरी बुधबार सम्पन्न भएको छ। बिहीबारको होरी हैंडओभरलाई समेत जोड्ने हो भने पाँच दिवसीय होरी सम्पन्न भएको भन्दापनि अत्युक्ति न होला। स्थानीय प्रशासनको मुस्तैजीको कारणले भनौ वा आमनागरिक विभिन्न कित्तामा विभाजित भएकाले एकीकृत होरी हुडदंग नभएकोले प्रशासनलाई शान्ति सुरक्षा कायम राख्न सजिलो भयो भन्दा पनि हुन्छ। वसन्तऋतुको उत्कर्षमा मनाइने होरी ऋतु उत्सव हो। यस उत्सवलाई सामाजिक सद्भावको रुपमा मनाउने पुरानो व्यवस्था हो। यसमा पनि अन्तःगृह परिक्रमाको भोलि पल्ट होरी मनाउने जनकपुरधामको सयौं वर्ष पुरानो परम्परा यस वर्ष टुटेको छ। यसरी चार दिनसम्म होरी मनाउनेहरुको आ-आफ्नै तर्क छन्। तर आमजनको जिज्ञासा कसैको तर्क वा कुतर्कले शान्त पार्न सकेको अवस्था छैन। सबाल यथावत छ - चार दिनसम्म होरी किन मनाइयो ?बुधबारदेखि सुरु भएको एमबीएस र बिहीबारदेखि सुरु भएको एसइई परीक्षाका लाख अधिक बालबालिकाको सजिलो/असजिलो बारे पनि समाजले किन सोचेनन् ? सामाजलाई निर्देशित गर्ने कुनै निकाय छ कि छैन ?

मिथिलाञ्चलमा सम्मत (होलिका दहन) भएको भोलि पल्ट फागु खेल्ने चलन छ। नेपाली भाषीहरु फागु पूर्णिमाको दिन फागु खेल्छन्। भारतका जुन क्षेत्रमा होलिका दहन गर्ने परम्परा छ। त्यहाँ फागु पूर्णिमाको भोलि पल्ट र जहाँ छैन, त्यहाँ काठमाण्डु जस्तै फागु पूर्णिमाकै दिन फागु खेल्ने परम्परा छ। तर साधु सन्तहरुको नगरी भनिने जनकपुरधाममा भने थोरै फरक छ, यहाँ अन्तगृह परिक्रमाको भोलि पल्ट फागु खेल्ने परम्परा छ। यसैकारणले होला जनकपुरधामकै छेउ छाउको गाउँमा जनकपुरधामभन्दा एक दिनपहिले नै होली खेलिन्छ। तर यस वर्ष सयौं वर्ष पुरानो परम्परा तोडियो। यद्यपि यो पहिलो पटक भने होइन, यस अघि पनि अन्तगृह परिक्रमाको भोलि पल्ट आइतबार र मंगलबार होली नखेलेको नजिरहरु छन्। तर यस्ता गलत नजिरहरु तोड्दै जानु पर्ने थियो। दुर्भाग्य त्यो भएन।

अन्तगृह परिक्रमा सोमबार सम्पन्न भएको थियो। जनकपुरधामको परम्परा अनुसार मंगलबार नै फागु पर्व मनाउन जानकी मन्दिरका उतराधिकारी महन्त रामरोशन दास, जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साह र जनकपुरधाम क्षेत्रकी संघीय सांसद जुली महतोले सार्वजनिक अपिल गरेका थिए। तर होली मनाइयो- बुधबार। धार्मिक संस्थादेखि जनप्रतिनिधिसम्मको आग्रहलाई बेवास्ता गर्दै जनकपुरधामवासीले महावीर युवा कमिटीको अपिललाई मान्यता दिए। महावीर युवा कमिटीले बुधबार फागु पर्व मनाउन अपिल गरेको थियो। हामीलाई स्मरण नै छ, हजारौं वर्षको इतिहाससंग खेलवाड गर्दै 'महावीर युवा कमिटी'ले राजदेवी मन्दिरको उत्तरीद्वारमा लेख्न लगायो- 'राजा जनकको कूलदेवी'। त्यतिबेला न जानकी मन्दिरका महन्तजीको प्रतिकृया आयो न त जनप्रतिनिधिहरुले नै चुई बोल्नु भयो। वर्तमान उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री रघुवीर महासेठजीको संसदीय कोषबाट निर्माण भएको भनिएको यस प्रवेशद्वारमा कुंदिएको राजा जनकको कूल देवी(राजदेवी) अझै पनि विजुली वत्तीको प्रकाशमा टल्की रहेको छ। देशी विदेशी पाहुनाहरु फोटो खिचेर लग्दै छन्। नबुझ्नेले 'ल हेर, राजा जनकको कूलदेवीको मन्दिर' भन्दै पत्रपत्रिका तथा जर्नलहरुमा खोजमूलक आलेख प्रकाशित गराउँछन्। बुझ्नेले 'जनकपुरधाममा मानिस अन्धो' भन्दै चियाकफ छाट्ने छन्।

> अन्तगृह परिक्रमा सोमबार सम्पन्न भएको थियो। जनकपुरधामको परम्परा अनुसार मंगलबार नै फागु पर्व मनाउन जानकी मन्दिरका उतराधिकारी महन्त रामरोशन दास, जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साह र जनकपुरधाम क्षेत्रकी संघीय सांसद जुली महतोले सार्वजनिक अपिल गरेका थिए। तर होली मनाइयो- बुधबार।

५२ कुटी ७२ कुण्डको जनकपुरधामको पहिचान धार्मिक र सांस्कृतिक हो। शिक्षा, स्वास्थ्य, उद्योग वाणिज्य क्षेत्रमा पर्याप्त संभावना भए पनि यथोचित विकास हुन सकेको छैन। धार्मिक तथा सांस्कृतिक पहिचानलाई जीवित राख्न अध्ययन अनुसन्धानसंगै यसको मौलिकतालाई संरक्षण गर्नु अनिवार्य मानिन्छ। धार्मिक ग्रन्थ, मिथक तथा जातक कथाहरुमा वर्णित विषय वस्तुलाई समय सापेक्ष परिमार्जन तथा परिष्कृत गर्दै लानु पर्दछ। तर दुर्भाग्य जनकपुरधाममा यो प्रवृति दिनानुदिन घट्दै गएको छ। वार्षिक लाखौं करोडो आम्दानी गर्ने यहाँका मठ मन्दिर र साधु समाज अयोध्या भार लग्न लाखौं करोडौं खर्च गर्न सक्छन। तर जनकपुरधामका मठ मन्दिर यहाँका साधु समाजको विषयमा वर्षमा एउटै भए पनि स्मारिका वा पुस्तक प्रकाशन गर्न सक्दैनन्। हिन्दू धर्मको पक्षमा वकालत त गर्छन, तर वर्षमा एउटै विद्यार्थीलाई छात्रवृतिमा वेद वेदाङको अध्ययन गराउँन सक्दैनन्।

जे भए पनि चरिदिनमा होरी सम्पन्न भएको छ। सबैलाई शुभकामना तथा बधाई॥

# शासन र संविधानबाट उपेक्षा, विभेद र शोषण : राजेन्द्र महतो



**टुडे समाचारदाता**

मलंगवा। राष्ट्रिय मुक्ति क्रान्ति अभियानका संयोजक राजेन्द्र महतोले देश आफ्नै विचार, संस्कृति र सभ्यतामा नचल्दा समस्या उत्पन्न भएको बताएका छन्।

बृहत संवादात्मक कार्यक्रममा बोल्दै पूर्वमन्त्री समेत रहेका नेता महतोले देश आफ्नै विचार, परिस्थिति, संस्कृति र सभ्यताको आधारमा सञ्चालन हुन नसकेको बताए। उनले वर्तमान शासन र संविधानबाट जनतामाथि विभिन्न प्रकारका उपेक्षा, विभेद र शोषण गरिएको दावी गरे।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल त्यागेर बहुल राष्ट्रिय राज्यको नारासहित अभियानमा लागेका नेता महतोले एकल चिन्तन सोचबाट देश चलाउँदा अहिलेको अवस्था सिर्जना भएको बताए। विविधता, विभिन्न पहिचान र राष्ट्रियताले भरिएको देशलाई एकल चिन्तन सोचबाट अप्राकृतिक हिसाबले सञ्चालन गरिएको महतोको भनाइ छ।

नेता महतोले संघीयताको मर्म र भावना विपरीत सबै थोक केन्द्रको मातहतमा राखेर बेइमानी गरिएको बताए। यही कारणले संघीयताको व्यवस्था नै खराब हो भन्ने सन्देश तल्लो तहमा पुगेको उनले बताए।

उनले बहुल राष्ट्रिय राज्य स्थापनार्थ आफूले सुरु गरेको अभियान विखण्डनको कुरा हो कि भनेर भ्रम छर्न खोजिएकाले त्यस कुराको पछि नलाग्न आग्रह गरे।

# सामुदायिक विद्यालयमा बालबालिकालाई पढाउँः शिक्षामन्त्री जैसवाल

**टुडे समाचारदाता**

बारा। मधेश प्रदेस सरकारका नवनियुक्त शिक्षा तथा सँस्कृति मन्त्री प्रमोद कुमार जैसवालले सामुदायिक विद्यालयबाट प्रत्येक बालबालिकाको उज्जवल भविष्यको निर्माण सम्भव रहेको बताएका छन्।

नेपाल सितोरियो कराँते जितपुरले बाराको जितपुरमा आयोजना गरिएको स्वागत तथा सम्मान कार्यक्रममा शिक्षा मन्त्री जैसवालले यस्तो बताएका छन्।

उनले सामुदायिक विद्यालयमा संघ, प्रदेश र स्थानीय सरकारको प्रशस्त लगानी भए पनि सोचे अनुसार प्रतिफल आउन नसकेकोप्रति दुःख ब्यक्त गरे।

अहिले पनि हाम्रो समाजमा सामुदायिक विद्यालयमा राम्रो पढाई हुँदैन् भन्ने एक किसिमको भ्रम रहेको उनले बताए। सबैको साथ र सहयोगले आफूले पाएको जिम्मेवारी इमान्दारीपूर्वक र कर्तब्यनिष्ठ भएर पूरा गर्ने मन्त्री जैसवालले प्रतिबद्धता जनाए।

मधेश प्रदेश सरकारका शिक्षा तथा सँस्कृति मन्त्री जैसवाललाई स्वागत गरिएको थियो। नेपाल सितोरियो कराँते शाखा जितपुरका प्रशिक्षक मनोज कुमार शाहले मायाको चिनो प्रदान गरी शिक्षामन्त्री जैसवाललाई स्वागत गरेका थिए।

पर्सा ३ (क) बाट स्वतन्त्र उम्मेदवारको रुपमा निर्वाचित जैसवाल गत शनिबार नेकपा एमालेको तर्फबाट मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्री बनेका हुन्।

# अहिलेको गठबन्धन धेरै दिन नटिक्नेः नेतृ संग्रैाला

**टुडे समाचारदाता**

बारा। नेपाली काँग्रेसकी केन्द्रीय सदस्य डिला संग्रौलाले अहिलेको गठबन्धन धेरै दिन नटिक्ने दावी गरेकी छन्।



शुक्रबार नेपाल प्रेस युनियन बाराले आयोजना गरेको पत्रकार सम्मलेनमा उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले फेरि पनि उथलपुथल गर्छु भन्नुले पनि यो गठबन्धनमा दरार उत्पन्न भएको सजिलै बुझ्न सकिने बताइन्।

ईलाममा हुन गई रहेको उपनिर्वाचनमा पनि अहिलेको सत्तागठबन्धन एक ध्रुवमा उभिन नसक्नु तथा आ-आफ्नो पार्टीबाट उम्मेदवार उठाउनुले पनि गठबन्धन धेरै दिन नटिक्ने संकेत गरेको नेतृ संग्रौलाले दावी गरिन्।

नेपाली काँग्रेससंगको गठबन्धन तोडेर प्रधानमन्त्री प्रचण्डले अर्को गठबन्धन बनाउनु नै राजनीतिक बइमानी गरेको बताउँदै बइमानीको राजनीति धेरै दिन टिक्न नसक्ने उनले बताइन्।

भ्रष्टाचारलाई नियन्त्रण र भष्टाचारीलाई कानुनको दायरामा ल्याउनु पर्ने काँग्रेसले उठान गरेको विषय नै भएको भन्दै नेतृ संग्रौलाले विधिको शासन, विकास, समृद्धि एवम् सुशासनको प्रत्याभूतिसंगै प्रेस स्वतन्त्रतामा अंकुश लगाउने काम काँग्रेसलाई सह्य नहुने कुरामा केन्द्रीय सदस्य संग्रौलाको जोड रहेको थियो।

सहकारी घोटालामा संलग्न रहेका व्यक्ति गृहमन्त्री रवि लामिछानेलाई जिम्मेवारी दिनु नै संविधानको मर्म र भावना विपरीत काम रहेको भन्दै उनले रोष प्रकट गरिन्। पूर्व संघिय साँसद समेत रहेकी नेतृ संग्रौलाले गृह मन्त्रीको बारेमा छानविन गर्न संसदीय छानविन समिति बनाउन माँग गरिन्।

तराई मधेश काँग्रेसको गढ भएको बताउँदै यहाँका समस्यालाई समाधान गर्नका लागि काँग्रेसले नयाँ शिराबाट अगाडि बढेको बताइन्।

# दोस्रो मेयर कप टि-२० क्रिकेट प्रतियोगिता २०८० सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। दोस्रो मेयर कप टि-२० क्रिकेट प्रतियोगिता २०८० सुरु भएको छ।



जनकपुरधाममा शुक्रबारदेखि निर्माणाधीन रामजानकी अन्तर्राष्ट्रिय रंगशालाको क्रिकेट खेल मैदानमा सुरु भएको टी-२० क्रिकेट प्रतियोगितामा मधेश प्रदेशका आठ वटै जिल्लाका जिल्ला स्तरीय क्रिकेट टिमको सहभागिता रहेको आयोजकले जनाएको छ।

टि-२० क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मुलुक र प्रदेशको समृद्धिको अनेकन आधारमध्ये खेलकुद पनि रहेको बताइन्। उनले खेलकुदले बालबालिका तथा युवाहरूको शारीरिक, मानसिक तथा व्यक्तित्वको विकासमा ठूलो योगदान दिने गरेको बताइन्। उनले मधेश प्रदेश क्रिकेट खेलमा अगाडि रहेको चर्चा गर्दै प्रदेश प्रमुख भण्डारीले यस क्षेत्रमा क्रिकेट सहित अन्य खेलको विकासका लागि निर्माणाधीन अवस्थामा रहेको रामजानकी रंगशालाको निर्माण छिटो हुन जरुरी रहेको बताइन्।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री सुरिताकुमारी साहले रामजानकी बहुउद्देश्यीय रंगशालाको डिपिआर तयार पार्नका लागि प्रदेश सरकारले बजेट विनियोजन गरेको बताइन्।

उनले आउँदो आर्थिक वर्षदेखि रंगशालाको निर्माणका लागि बजेट विनियोजन गरिने स्पष्ट पारिन्। उनले यस क्षेत्रको खेलकुदको विकासका लागि स्थानीय तहले गरिरहेको भूमिकाको सराहना गर्दै मेयर कप क्रिकेट प्रतियोगिताले खेलाडीहरूको क्षमता विकासमा ठूलो योगदान पुग्ने आशा व्यक्त गरिन्।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि डिपिआर तयार गर्न २ करोड रकम विनियोजन गरिसक्केको बताउँदै डिपिआर बनाउनमा ढिलाइ हुन नहुने बताए।

दुई वटा समूहमा विभाजन गरेर भइरहेको सो प्रतियोगिताको फाइनल खेल चैत २४ गते हुने जिल्ला क्रिकेट संघले जनाएको छ।

**डढेलोबाट बचौं र बचाऔं।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सवधानीकपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असवधानीले जंगलमा मात्र होईन आसपासका बस्तीसमेत उजाड हुन् सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं, सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८